# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY





धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा ओख[illegible] गा[illegible] ल निःशुल्क स्वास्थ्य शिविर

कार्तिक पूर्णिमा

वर्ष– १८ अङ्क– ७ वार्षिक रु. ६०/– मूल्य रु. ५/–

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन ।

---

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | - | १ |
| २) धम्मपद-१३२ | - रीना तुलाधर | २ |
| ३) (कविता) विडम्बना छुकिया ? | - अमृतमान शाक्य | २ |
| ४) नलपाण जातक | - प्रकाश बज्राचार्य | ३ |
| ५) (कविता) बाँच्न सिकौं | - सरोज उदास | ४ |
| ६) याद राख्नुपर्ने यी तीन (३) कुराहरू | - बी.एम. श्रेष्ठ | ४ |
| ७) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ४ |
| ८) अर्थपूर्ण बत्ती : सुकुन्दा | - ध्रुवकृष्ण दीप | ५ |
| ९) चेतना | - दिलबहादुर प्रजापती | ७ |
| १०) (कविता) बैराग्य बनी ... ... | - संघरक्षित भिक्षु | ८ |
| ११) धरानमा मृत्युसंस्कार | - श्री के. बी. मोक्तान | ९ |
| १२) प्रव्रजित हुन सप्ताह ब्यापी सत्याग्रह गर्ने भिक्षु राष्ट्रपाल | - कृष्णकुमार प्रजापति | १० |
| १३) मायादेवी मन्दिर संरक्षण तथा जीर्णोद्धार कहिलेसम्म ? | - विमलकुमार शर्मा | १४ |
| १४) अपांगले नसोचेको पुनर्जन्म पाए | - लीलानाथ घिमिरे | १७ |
| १५) भन्ते व चविर | - सुवर्णमान तुलाधर | १८ |
| १६) (कविता) "बुद्ध तिमीले फेरि यस संसारमा ... ..." | - सुमन ताम्राकार | १९ |
| १७) (कविता) स्व. डा. चन्द्रशीला प्रति श्रद्धाञ्जलि | - चन्द्रशोभा शाक्य | २० |
| १८) धर्मकीर्ति विहार - गतिविधि | - | २० |
| १९) संस्कृतिको आधुनिकीकरण | - मुरारि शर्मा | २१ |
| २०) धर्म प्रचार - समाचार | - | २२ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत्   २५४४
नेपालसम्वत्   ११२१
इस्वीसम्वत्   २०००
विक्रमसम्वत्  २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**OCTOBER, 2000**

| वर्ष- १८ | अङ्क- ७ | कार्तिक | पूर्णिमा २०५७ |
|---|---|---|---|





★ यदि त्यो भाँडाको पानी हावाले खूब हल्लाईदियो भने मानिसले त्यसमा आफ्नो अनुहार कसरी देख्न सक्ला ? यसैगरी भ्रान्त चित्त भएको मानिसले यो सम्झन सक्तैन कि के गर्दा आफ्नो हित हुन्छ र के गर्दा अरूको ?

★★★

★ यो पानी यदि हातले हल्लाईदियो भने मानिसले आफ्नो छायाँ ठीक तरिकाले देख्न सक्दैन । त्यसैगरी जसको चित्त सशंकित भएको छ त्यसले आफ्नो र अरूको हित-अहित सम्झन सक्तैन ।

★★★

★ त्यही पानी यदी निर्मल र शान्त छ भने, मानिसले त्यसमा आफ्नो छायाँ छर्लंग देख्न सक्दछ । यसैगरी जसको चित्त कुसंस्कार र विकृतिबाट मुक्त भएकोछ, उसले आफ्नो र अरूको हित अहित राम्रो संग सम्झन सक्दछ ।

★★★

# धम्मपद-१३२

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**यस्स अच्चन्तं दुस्सील्यं - मालुवा सालमिवो'त्थतं**
**करोति सो तथत्तानं - यथा नं इच्छती दिसो**

**अर्थ-** शाल रुखमा मालुवा भन्ने वन्य डोरीले बाँधी राखिने जस्तै जसले दु:शीलताले आफूलाई छोपी राख्छ, त्यसले आफूलाई उस्तै गर्छ जसरी उसको शत्रुले इच्छा गरेको हुन्छ ।

**घटना-** उपरोक्त गाथा भगवान बुद्धले जेतवन महाविहारमा बास गरीरहनु भएको बेला भिक्षु देवदत्तको कारणमा भन्नुभएको थियो ।

एकदिन धर्म सभामा भिक्षुहरूले देवदत्तको विषयमा कुरा गरीरहेका थिए । देवदत्त दु:शील व्यक्ति हो । पापी विचार भएको व्यक्ति हो । उनले दु:शील विचारले अजात शत्रुलाई आफ्नो कब्जामा लियो । आफूले अजातशत्रुको तर्फबाट धेरै लाभ सत्कार पनि प्राप्त गर्‍यों । अजात शत्रुलाई कुबुद्धि दिएर उनका पिता बिम्बिसार महाराजालाई मार्न लगायो । त्यति मात्र होइन अजातशत्रुलाई हातमा लिएर देवदत्तले धेरै पटक अनेक प्रकारले बुद्धलाई मार्ने कुप्रयास गर्‍यो । यसरी भिक्षुहरूको बिचमा देवदत्तले गर्दै आएका कुकर्मका बारेमा चर्चा भईरहेको बेलामा भगवान बुद्ध आई पुग्नु भयो । भगवान बुद्धले सोध्नु भयो– यो समयमा तिमीहरूको बिचमा के कुरा भईरहेको छ ? भिक्षुहरूले देवदत्तको विषयमा कुरा भईरहेको हो भनी बताए । भगवान बुद्धले भन्नु भयो - "भिक्षुहरू ! अहिले मात्र होइन देवदत्तले मलाई मार्न प्रयत्न गरेको । पहिला पहिला पनि देवदत्तले मलाई मार्न अनेकौं किसिमले प्रयत्न गर्दै आएका थिए भनी कुरुँग मृग जातकको कथा सुनाउनु भयो ।

एक समय वाराणसीमा ब्रह्मदत्त महाराजाले राज्य गरी रहेको बेलामा बोधिसत्व मृग भएर जन्मेको थियो र देवदत्त मृग मार्ने शिकारी भएर जन्मेको थियो । एकदिन शिकारीले मृगको पाइलाको चिनो देखेर मृग मार्ने विचारले बाण तयार गरेर लुकेर बसे । मृग होशियार पूर्वक त्यहाँ आए । शिकारीले मृगलाई लोभ्याउन फलफूल फ्याँके । बुद्धिमान मृगले फलफूल पनि देखे र रुखमुनि लुकीरहेको शिकारीलाई नदेखेको जस्तै गरेर रुखलाई भनेजस्तै गरेर भने- "अय् रुख ! तिमीले जहिले पनि फलफूल माथिबाट तल खसाल्थ्यौ । आज प्रकृतिको नियम विरुद्ध तेर्सो पारेर फलफूल खसाल्यौ । यसरी तिमीले प्रकृतिको नियमलाई तोडेकाले म तिमीलाई छोडेर अर्कै रुखमा जाँदैछु ।" मृग फर्किन लागेको देखेर लुकेर बसेको शिकारीले धनुषवाण तल राखेर भन्यो– "ठीकै छ आज तिमी जान सक्छौ । मेरो पनि हिसाब गलत भएछ आज ।" बोधिसत्व मृगले सुहाउँदो गरी जवाफ दिए- "अय् शिकारी ! तिम्रो हिसाब पक्कै आज गलत भयो । तर तिम्रा दुष्कर्मले हिसाब गलत गर्ने छैन । पक्कै पनि त्यस दुष्कर्मको फलले तिमीलाई पछ्याउने छ ।"

यसरी पूर्व कथा सुनाएर भगवान बुद्धले भन्नु भयो - देवदत्तले मलाई मार्न पहिले पनि प्रयास गरेको थियो । तर ऊ सफल भएन । भिक्षुहरू अत्यन्त दु:शील मानिसहरूले आफ्नो तृष्णाको कारणले दुर्गतीमा जाने काम गर्छ ।" भगवान बुद्धले यसरी उपदेश दिएर उपरोक्त गाथा भन्नु भयो । ■

## विडम्वना छुकिया ?

*च्वमि अमृतमान शाक्य*
इतुम्वाहा यें

सीत हे म्वायगु ख थन
विडम्वना छुकियाले ?
चिल्लाय मल्लायदना मखु
शान्तिं सिई सयके थन ।

अन्याय अत्याचार मया:सा,
चित्ते घा:जुया च्वनिमखु सो ।
छुकिया विदम्वना थाय् मा:गु ?
सीहे मासेंलि जगतयात उद्धार याना वने ।

बुद्धया भक्ति जुयाथें,
थ:यात ताले लाका:
जन्मजुयागु, सिद्ध जुई थन ।
सीत हे म्वायगु ख:सा ।

मभिं जुया मखु सो भिंम्ह: हे जुया:
चतुर ब्रह्म विहारे, च्वना जूसां,
विडम्वना छु कि सनं याय्म्वा ।
सीत हे म्वाय्गु ख:सा ।
विडम्वना छुकियाले ?



Downloaded from http://www.dhamma.digital

# नलपाण जातक

✍ प्रकाश बज्राचार्य

ऊ एक भयंकर राक्षस थियो । रातो पेट, सेतो मुख र लामा लामा नीला हात खुट्टाहरू थिए । हेर्दा नै डर लाग्दो देखिन्थ्यो ।

पानीमा आउने जीवहरू उसका आहार हुने गर्दथ्यो । ऊ पानी भित्र बस्दथ्यो । ठूलो जंगलको माझमा रहेको ठूलो तलाउ नै उसको वासस्थान थियो । जति पनि जीवहरू पानीमा उत्रन्थे तिनीहरूलाई खाने अधिकार ऊसंग थियो । तर तलाउ बाहिर आई उसले शिकार गर्न पाउँदैनथ्यो । त्यसैले त्यस तलाउमा पानी खान आउने जीवजन्तुहरू खाएरै उसले आफ्नो जीवन यापन गर्दथ्यो ।

आज पनि बिहान सबेरै उठेर कसले पानी खान आउला र त्यसलाई खान पाउँला भनी त्यो राक्षस पानीभित्र ढुकेर बसिराखेको थियो । उसको दुर्भाग्य ! दिनभरि कोही पनि आएन त्यो तलाउमा पानी खान । बल्ल साँझ पख केही बाँदरहरू देखापर्न थाले । झन झन बाँदरहरू थप्न थालिए । सयौं बाँदरहरू उसको तलाउ वरिपरी जम्मा हुन थाले । आज त अघाउने गरी भोजन गर्न पाइने भयो भन्ठानी पानीभित्र बसिराख्ने राक्षस दंग परेको थियो ।

तर आश्चर्य ! त्यतिका बाँदरहरू तलाउ वरिपरी भेला भइसके, कुनैले पनि तलाउमा ओर्लेर पानी खान आएका थिएन । उनीहरू तिर्खाएका थिए, तर पानी पिउन आएन । राक्षसलाई बाँदर खान हतार लागिसकेको थियो, तर बाँदरहरू पानी खान हतार मानेनन् ।

केही बेरपछि एकजना ठूलो बाँदर देखापर्‍यो । हेर्दाखेरि नै त्यो बाँदरहरूको राजा हो भनेर सजिलै किटान गर्न सकिन्थ्यो । सबैले राजालाई आदर गरे । सबै बाँदरहरू राजाको वरिपरी भेला हुन थाले । पानी भित्र लुकिराख्ने राक्षस चाहिं ती बाँदरहरूले किन पानी नखाएको हो भन्ने जान्न उत्सुक थिए । ती बाँदरहरू के कुरा गर्दा रहेछन्, सुनी हालौं भनेर उनले कुरा सुन्न कान लम्ब्याए ।

"किन तिमीहरू यहाँ रोकेका ?" राजा बाँदरले अरू बाँदरहरूसंग प्रश्न गर्‍यो ।

"महाराज ! हामीलाई तिर्खा लागेको छ । तर तपाइँले नै यो जंगलमा तपाइँसंग नसोधी केही नखानू, केही नपिउनू भनेको हुनाले हामी तपाइँ आउला र सोधेर पानी खाउँला भनी कुरेर बसिरहेका ।" बाँदरहरूले भने ।

"ठिक गर्‍यौ ।" राजाले भन्यो । अनि तलाउ वरिपरी चारैतिर आँखा दौडाए । "साथीहरू ! यो तलाउमा पानी खानु हुँदैन ।" राजाले अन्तमा घोषणा गर्‍यो ।

"किन, महाराज ।" एउटा बाँदरले प्रश्न गर्‍यो ।

"किन कि, तलाउको किनारमा जति पनि पाइलाका निशानाहरू छन्, ती सबै तलाउतिर फर्केका मात्रै छन् । सबै पाइलाका निशानाहरू तलाउतिर गइरहेका मात्रै छन्, तलाउबाट फर्केर आएका छैनन् । पक्कै पनि यो तलाउमा कुनै राक्षस हुनु पर्दछ, जसले पानी खान आउनेहरूलाई खाइदिन्छ ।" राजा बाँदरले स्पष्टिकरण दियो ।

पानी मुनि बसी, उनीहरूको कुराकानी सुनिराख्ने जल राक्षसलाई रिस उठ्यो । पानी खान तलाउमा नओर्ली कुराकानी गरिराखेको देखेर उसको कंचट तात्यो । अनि आफू पानी माथि आई भन्यो "हे बाँदर हो ! के चाहिंदा नचाहिंदा कुरा गरिराखेका पानी नखाइकन ? तिर्खा लागेको छ भने खाऊ न पानी !"

"हे राक्षस ! तिमी दुष्ट हौ । तिमीले यसो भन्न सुहाउँदैन ।" बाँदरले भन्यो ।

"यहाँतिर टाढा टाढासम्म कहीं पानी पाइँदैन । आखिर तिमीहरूले यहीं पानी खानुपर्छ । त्यसैले पानी खाऊ र मेरो भोजन बन" राक्षस हाँस्यो ।

"बढता घमण्ड नगर, राक्षस ! हामी यसै तलाउमा पानी खान्छौं, तर तिम्रो भोजन हामी बन्ने छैनौं ।" बाँदरले राक्षसलाई हाँक दियो ।

"के रे ? !" राक्षस चकित भयो ।

"हो, हामी तिम्रै अगाडि यसै तलाउमा पानी खान्छौं; तर तिमीले हामीलाई खान पाउने छैनौं ।" बाँदरको राजाले पुनः भन्यो ।

"कपिराज ! हेरीहालौं म पनि कसरी तिमीले यो तलाउको पानी खानेछौं ।" राक्षसले पनि हाँक दियो ।

अनि बाँदरको राजाले नजिकैको झाडीमा रहेको सरकण्ड (एक प्रकारको मसिनो लठ्ठी जसमा भित्रका गाँठाहरू खुला हुन्छन्) लिएर मुखमा हाले । अन्य बाँदरहरूले पनि राजाको अनुकरण गरे । अनि सबै बाँदरहरू तलाउको चारैतिर बसी मुखमा रहेको लठ्ठी

पानीमा डुबाई पानी तान्न थाले । कसैले पनि तलाउमा ओर्लनु परेन । पानीलाई छुनु परेन ।

तलाउको राक्षसले यो सबै ट्वाल्ल परी हेरिरह्यो । ऊ विवश थियो । ती बाँदरहरू पानीमा नउत्रेकाले तिनीहरूलाई खान पनि सक्दैनथ्यो । बाँदरहरू चाहिं मज्जासंग पानी खाँदै थिए ।

बाँदरहरूको राजाको बुद्धि र चतुरता देखी राक्षस आश्चर्य चकित भयो । बुद्धिमानहरूलाई कुनै पनि तरिकाले हराउन नसकिने बुझि राक्षस पुन: जलभित्र पसे निरास भएर ।

× × ×

यो कथा भगवान् बुद्धले केतक वनमा छँदा भन्नुभएको थियो । यसमा बुद्धिमान बाँदर राजा स्वयं बोधिसत्व थिए । ■

## बाँच्न सिकौं

**सरोज उदास**, पोखरा-३

भूत भविष्य होईन ।
वर्तमानमा बाँच्न सिकौं ॥
बेहोसमा होईन ।
होसमा बाँच्न सिकौं ॥
स्वार्थभावमा होईन ।
सेवा भावमा बाँच्न सिकौं ॥
भाषण होईन ।
उदाहरण बनि बाँच्न सिकौं ॥
आवरण होईन ।
धारण गरि बाँच्न सिकौं ॥
दुराचारमा होईन ।
शील सदाचारमा बाँच्न सिकौं ॥
दुष्कर्ममा होईन ।
पर-उपकारमा बाँच्न सिकौं ॥
औपचारिकतामा होईन ।
कर्तव्य निभाई बाँच्न सिकौं ॥
तीर्थ यात्री होईन ।
अन्तर्यात्री बनि बाँच्न सिकौं ॥
अति मार्गमा होईन ।
मध्यम मार्गमा बाँच्न सिकौं ॥
परंपरावादी होईन ।
प्रतिभाशाली बनि बाँच्न सिकौं ॥

## याद राख्नुपर्ने यी तीन (३) कुराहरु

✏ **बी.एम. श्रेष्ठ**
पकनाजोल, नयाँबजार

१. **नभुल्नु**- ऋण, राष्ट्र र मित्रलाई
२. **फर्कदैन**- गोली, बोली र प्राण
३. **पर्खदैन**- समय, मृत्यु र ग्राहक
४. **सम्मान गर्नु**- माता, पिता र गुरुहरूलाई
५. **दया गर्नु**- भोको, पागल र बच्चालाई
६. **याद राख्नु**- सत्य वचन र धर्मलाई
७. **नजिस्क्याउनु**- गुरु, गरीब र परस्त्रीलाई
८. **टाढा रहनु**- अल्छी, हिंसा र निन्द्राबाट
९. **उन्नति हुन्छ**- विद्या, ईश्वर र परिश्रमले
१०. **सानो नसम्झनु**- रोग, कर्जा र शत्रुलाई
११. **भाइ-भाइ-दुश्मन**- जग्गा, धन र स्वास्नीबाट
१२. **छोड्नु**- रिस, जुवा र रण्डीबाजीलाई
१३. **छोड्न नसकिने**- बुद्धि चरित्र र सीपलाई
१४. **एकपटकमात्रै पाइन्छ**- आमा बाबु र जवानी
१५. **संघर्ष गर्नु**- स्वतन्त्रता, इमान र इज्जतको लागि
१६. **राम्रो ब्यवहार गर्नु**- नोकर गरिब र ठूलो व्यक्तिलाई
१७. लुकाउनु- स्त्री, धन र भोजनलाई
१८. ठट्टानगर्नु- अपाङ्ग, अनाथ र विधवासंग
१९. गर्न नभुल्नु- उपकार, उद्देश्य र उदारता

*साभार (श्रोत) : आनन्दभूमि पत्रिका, आनन्दकुटी विहार, स्वयम्भू*

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ३३९
*रुपज्योति कंसाकार*
केलटोल, काठमाडौ
रु.१०००।-

क्र.सं. ३४०
*भरण मान शाक्य*
ओम प्रिटिङ्ग प्रेस, जोरगणेश
काठमाडौ
रु. १०००।-

क्र.सं. ३४१
*शोभालक्ष्मी बज्राचार्य*
ठंहिति, क्वा:बहा:
रू. १०००।-



Downloaded from http://www.dhamma.digital

# अर्थपूर्ण बत्ती : सुकुन्दा

✍ ध्रुवकृष्ण दीप

नेपालमा आफ्नै किसिमका अनेकौं परम्परागत दियो-बत्तीहरू छन् । जस्तो कि पानस, चिराक, चक्रबत्ती आरती इत्यादि । तर यी सबैमा पनि सबभन्दा बढी चलनचल्तीको ठूलो-सानो जुनसुकै शुभकार्यमा पनि नभई नहुने, बहुतै कलात्मक ढंगको, चिटिक्क परेको, एक प्रकारको सानो हातेबत्तीको नाम हो सुकुन्दा ।

यसको आकार-प्रकार मोटामोटी तवरले कलशसंग मिल्छ । अगिल्तिर गणेशजीको मूर्ति र यसको ठीक मुन्तिर अर्ध्याकारको एउटा सानो दियो-पात्र या दलूचा हुन्छ । यसलाई समाउने बींड पूर्णतया पाँचमुखे हुन्छ । यो मूलत: ढलोटबाटै बनेको हुन्छ ।

यस्तो सुन्दर बत्ती सुकुन्दाको कलात्मक महत्त्व पक्कै पनि निकै अर्थपूर्ण हुन सक्ने अनुमान हामी गर्न सक्छौं । अत: हामी अब यसैको कलात्मक र प्रतीकात्मक पक्षका बारेमा अलिकति चर्चा गर्नेतिर लागौं ।

सुकुन्दा शब्द वस्तुत: नेवारी आवरणमा छ तापनि यसको मूल संस्कृतमै रहेको प्रतीत हुन्छ । संस्कृतमा सुको अर्थ हो सुन्दर अनि कुन्दा (सम्भवत: यो कुण्डको तद्भव रूप हो) अर्थात् कुण्डको अर्थ हो पवित्र तीर्थस्थल । पवित्र ज्ञानज्योति थाप्ने या थाम्ने कलशमुखी पात्रलाई सुकुन्दा भन्ने जुन नाम दिइएको छ- त्यो अनेकौं दृष्टिबाट एकदम उपयुक्त देखिन्छ । यही सुकुन्दा शब्दको अर्थ नेपाली संस्कृतिका एक विद्वान मानिएका पं. हेमराज शाक्यले अर्कै पारामा गर्नुभएको छ । उहाँको भनाइअनुसार नेपाल भाषामा सुको अर्थ हो खानेतेल अनि कुन्दाको अर्थ हो भाँडो या राम्रो थलो । जे होस् वस्तुत: यसको व्युत्पतिको वैज्ञानिक एवं आधिकारिक व्याख्या गर्ने काम भाषाविद्हरूकै भएकोले अहिलेलाई यतापट्टि धेरै नअलमलिएर यसको कलात्मक र प्रतीकात्मक पक्षमै बरु बढी ध्यान देऔं । यसको मौलिक स्वरूप जे-जस्तो भए पनि यो हाम्रो हरेक शुभ कार्यमा अनिवार्यत: प्रयोग हुने मंगलमय शुभचिन्हले सुशोभित ज्ञानज्योतिको एउटा पवित्र प्रतीक हो- सुकुन्दा ।

सुकुन्दासित सम्बन्धित एउटा बहुतै अर्थपूर्ण आख्यान छ । सो आख्यानअनुसार परापूर्वकालमा यो नेपाल खाल्डो याने काठमाडौं उपत्यका एउटा विशाल ताल थियो । यसको मध्यभागमा सहश्रदल कमलासनमा सुशोभित अत्यन्त सुन्दर दर्शनीय स्वयम्भू जोतिर्लिंग विराजमान थियो । त्यस बेलासम्म यस उपत्यकातालमा कुनै किसिमको बस्ती-बास बनिसकेको थिएन । कालान्तरमा उक्त दिव्य ज्योतिर्लिंगको दर्शन गर्न सुदूर महाचीनबाट बोधिसत्व गुरु मन्जुश्री आउनुभयो र उहाँले चन्द्रहास नामक आफ्नो अत्यन्त तेजस्वी खड्ग प्रहार गरी यस तालको दक्षिणपट्टिको पहाडी पाखो काटेर यहाँको पानी बाहिर प्रवाहित गर्नुभयो । यसले गर्दा तालको माझमा विद्यमान स्वयम्भूको दर्शन गर्न अन्य भक्तजनहरूको लागि पनि एकदम सुगम भयो । परिणामत: यस पुनीत उपत्यकामा धमाधम अनेकौं मठ-मन्दिरका साथै अरू थुप्रै भवन प्रासादहरू पनि बन्दै गए ।

यिनै आख्यानिक घटनाहरूलाई अत्यन्त सुन्दर कलाकृतिमा प्रतिविम्बित अर्थात् अवतरित गर्ने उद्देश्यले नै सुकुन्दाको निर्माण भएको हो भन्ने पनि विद्वान्हरूको धारणा छ । पं. हेमराज शाक्यका अनुसार यो स्वयम्भू पुराणमै आधारित एउटा बहुतै अर्थपूर्ण आख्यान हो उक्त आख्यानानुसार यो सुकुन्दा उही उपत्यका ताल याने तीर्थस्थलको एउटा कलात्मक प्रतीक हो । यो सुकुन्दा अंकित पाँच टाउके (कुनै कुनैमा सात टाउके पनि) नागकन्या अंकित जुन बींड़ छ त्यसले यो आख्यानिक ताल कुनै समयमा नाग निवास थियो भन्ने कुराको संकेत दिन्छ । स्मरणीय छ- काठमाडौं उपत्यकाको एउटा पुरानो नाम नागदह हो अर्थात् नागहरूको निवासस्थान । अनि यो सुकुन्दाको मूल आसनको रूपमा रहेको कमलबुट्टे पींढ़ जुन छ यसले सृष्टिको मूल आधार पानी नै हो भन्ने शाश्वत् सत्यको संकेत दिन्छ र यसमाथि प्रफुल्लित कमलको फूलले सृष्टिको विस्तारित सौन्दर्यलाई औंल्याउँछ । अत: यो सृष्टिको एउटा आदिम प्रतीक पनि हो । सुकुन्दाको

अग्रभागमा अवस्थित गणेशजीको जुन मूर्ति छ त्यो यही सृष्टिक्रमका प्रथम आराध्य देवता या भनौं दिव्य ज्ञानरूपी साक्षीको साह्रै सुन्दर प्रतीक हो । कुनै कुनै विद्वानहरू सुकुन्दाको यो गणेशमूर्ति र यस मुन्तिर अवस्थित योनि याने अर्घ्याकारको दियोपात्रलाई शिवभक्तिको संयुक्त रूपको पुनीत प्रतीकको रूपमा पनि मान्ने गर्छन् ।

बुद्धमार्गीहरू खास गरेर महायानीहरू सुकुन्दालाई प्रज्ञोप्रायको एउटा बहुतै राम्रो प्रतीक मानी हरेक शुभकार्यमा यसलाई अग्रस्थान दिने पनि गर्छन् । सुकुन्दा हाम्रो हरेक धार्मिक कर्मकाण्डी पूजामा नभई नहुने एउटा महत्त्वपूर्ण कलाकृति हुनुको अतिरिक्त सत्यं शिवं सुन्दरम्को पनि एउटा अनुपम द्योतक भइराखेको छ ।

अर्को-सुकुन्दाका सबभन्दा सुन्दर एवं व्यावहारिक पक्ष हो- यसलाई अग्नि साक्षीको रूपमा सम्मानित स्थान दिनु । अत: यो अग्नि देवताको एउटा पावन प्रतीक पनि हो । यहाँनेर वेदमा इन्द्रको एउटा साह्रै सार्थक नाम हिरण्याक्ष रहेको कुरा स्मरणीय हुन आउँछ । हिरण्यको खास अर्थ हो स्वर्णिम वर्ण, जसको अर्को अर्थ हो- अग्नि । हरहमेशा जाज्वल्यमान अग्नि जस्तै बलेर जुनसुकै बेला जस्तोसुकै चीजलाई पनि ठम्याएर लिन सक्ने क्षमता भएको पराक्रमी व्यक्तित्व देवराज इन्द्रलाई दिइएको यो हिरण्याक्ष नाम भनुँ या उपाधि अनेकौं दृष्टिबाट एकदम समुचित भएको हामी देख्छौं । सुकुन्दामा पनि यही हिरण्याक्षको आभास पाउन सक्छौं । राति होस् या एकाबिहानै सुकुन्दा नबाली कुनै पनि साइत लच्छिनको काम गर्न नमिल्ने हाम्रो प्राचीन सांस्कृतिक परम्परा रहि आएको छ । धन्य हुन् हाम्रा दूरदर्शी पुर्खाहरू जसले थुप्रै मननीय कुराहरूलाई हृदयंगम गरी सुकुन्दा जस्तो सुन्दर कलात्मक बत्तीको सिर्जना गरेर हाम्रो सांस्कृतिक गौरब बढाइदिए । ■



**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**

*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*

स्व.डा. चन्द्रशीला गुरुमां गुमह्स्यां बुद्ध धर्मया ना ज्वःगु पाली भायूया सफू "थेटीगाथाया दक्कले न्हापा नेवा भाषां अनुवाद याना बिज्यागु ख: । वयक:या जन्म यलया नां जागु हिरण्य वर्ण माहाविहारया लिक्कसं च्वंगु सरस्वती ननी अबु चन्द्रमान व मा बुद्धमाया कोखं जूगु ख । मचांनसें बुद्ध धर्मया आस्था कुम्ह राणाकालया इलय् भीगु नेपा देशय् सुनांन आख: ब्वने हे मकु उकिसनं मिसातला छैंय् नं पिहाँ तक नं वये मज्यूगु इलय् नं वयूकलं अदम्य साहास याना छ्यैं नं विस्यूंवना पालि भाषाय ..... ..... त्रिपिटकय् पि.एच.डी. थ्यकं याना दिल ।

वयकलं दीघनिकाय धैगु भगवान बुद्धयागु अमुल्यगु रत्नं ज्वःगु किताव पिकया विज्यात । मचांनसें चन्द्रमणि गुरुया छत्रछांयाय् ब्वलना विज्याम्ह वयक: आपालं दं तक कुशीनगरय् हे गुरु चन्द्रमणि माहास्थविर पाखें अनगारीका जीवन विते याना दीगु ख: लिपा अनगारीका जीवन ..... ...... त्व:ता वनारस हिन्दु विश्वविद्यालये पालि यक्व वर्ष तक अध्ययन व अध्यापन याना विज्यागु ख: । अथे सिइ कु कथं वयक: विपश्यना साहायक आचार्य जुया दी धुंकुगु ख: । वयक:या इच्छा भगवान बुद्ध निर्वाण प्राप्त जूगु थासं हे थ:गु देह त्याग यायेगु कथं कुशीनगरय् हे २०५७ - ४ - ७ खुन्हु (७७ वर्षे) थ:गु नश्वर देह त्याग याना विज्यात ।



Downloaded from http://www.dhamma.digital

# चेतना

✍ दिलबहादुर प्रजापती, ठिमी

संसारमा मानिसको भीड जति जति बढ्दै गयो, त्यतिनै उनीहरूका शुद्ध-चेतनाको न्हास हुँदै गएको देखिन्छ । मानिसहरूले शिक्षा पढेर सिकेर ठूलो मानिस त बन्यो तर उनीहरूको धर्म चेतना र मानवता भने झन झन गिर्दै गएको देखियो । आजभोलीका धेरैजसो मानिसहरूमा लोभ, द्वेष र घमण्डी जस्ता कुभावनाहरूले जग बसाल्दै ल्याएको देखिन्छ । फलस्वरूप जताततै मारपीट, लडाई, झैझगडा जस्ता अशान्तीले छाएको छ ।

भगवान् बुद्ध भन्नुहुन्छ -"म चेतनालाई नै कर्म भन्छु ।" बुद्धको यो भनाई अटल र सत्य हो । मानिसबाट भइरहेका सुकर्म र कुकर्म सवै उनीहरूको चेतनामा भर पर्दछ । अव चेतनाबाट कसरी सुख र दु:ख हुँदो रहेछ भन्ने विषयमा एउटा सानो कथा प्रस्तुत गर्दछु ।

एउटा गाउँमा एकजना बूढो मानिस थियो । उसको सम्पत्तिको नाममा जम्मा ४० वटा भेंडाहरू थिए । त्यसैले उ जहिले पनि गोठालो लाग्नु पर्दो रहेछ । एकदिन गोठालो लाग्दै हिंड्दा एउटा स्कूल सामुन्ने पुगेछ । त्यस स्कूल भित्र एकजना गुरुले आफ्ना बिद्यार्थीहरूलाई पढाउँदै गरेको बेला एकजना अबुझ विद्यार्थीले पाठ बुझ्न नसकेको कारणले यसरी गाली गरि रहेको सुनेछ -"तँ भेंडालाई जति सम्झाँउँदा पनि सम्झनु नसकेकाले तँलाई मान्छे बनाउन मैले जानेको छु ।" यो शब्दबाहिर हिंडिरहेको बुढोले सुनेपछि उ ज्यादै खुशी भएछ । उसले सोच्यो - अहा ! मैले सोच्नै नसकि राखेको कुरो त स्कुलको गुरुले भन्नुभयो । भेंडालाई पनि मान्छे बनाउन सकिने रहेछ ।" यस्तो सोचमा डुविरहेको बुढोले राती निदाउन पनि सकेन ।

भोलीपल्ट बिहान उसले विचार गऱ्यो-मेरा ४० वटा भेंडाहरू मध्ये एउटालाई मात्र भएपनि मानिस बनाउन लगाउँछु । त्यसैलाई गोठालो बनाई बाँकी भेंडाहरू चराउन पठाउनु पर्ला । अनि बल्ल मलाई आराम मिल्नेछ । खाना खाइसकेपछि बुढोले स्कुलतर्फ पाइला चाल्यो ।

स्कुलको गुरु भेटी उसको ४० वटा भेंडाहरू मध्ये एउटो भेंडोलाई मान्छे बनाइदिन आग्रह गरी त्यसलाई नै भेंडाहरू चराउने गोठालो बनाउने आफ्नो विचार पोख्न थाल्यो । उसको यस्तो अनौठो कुरो सुनी माष्टर साहेबले आफूले मूर्ख विद्यार्थीलाई एकदिन अगाडि गाली गरेको कुरो सम्झ्यो । त्यो बूढो एक नम्बरको मूर्ख रहेछ भन्ने कुरो बुझेपछि माष्टरले भन्यो- ए ! भेंडालाई मान्छे बनाउने ? हुन्छ म बनाइदिई हाल्छु नि । तर भेंडालाई मान्छे बनाउन त अलि बढि पैसा लाग्छ ।

बुढो- बाबु ! तपाइँ पैसाको चिन्तानै नलिनुस् न । लागेको जति पैसा त म दिईहाल्छु नि ।

माष्टर-काका ! पैसा त दुई हजार जति लाग्छ ।

*(भोलीपल्ट)*

बुढो- ठीक छ बाबु म भोली भेंडा र दुई हजार पैसा ल्याई दिनेछु । (बुढोले विहानै भेंडा र दुई हजार पैसा माष्टरलाई बुझाइदियो)

माष्टर-ठीक छ अव मन्त्र तन्त्र गर्नको लागि नै २ दिन त लाग्छ । पैसा र भेंडा छोडेर जानुस् । ३ दिन पछि मात्र आउनुस् है काका ?

बुढो- हस् बाबु । म ३ दिन पछि लिन आउँछु । तयार पारेर राख्नु ।

*(३ दिन पछि)*

(बुढोले माष्टरलाई आफुले छोडेर गएको मानिस रूपी भेंडा माग्यो)

माष्टर-मैले बनाएको मानिस रुपी भेंडा त त्यो ठूलो बगैंचामा गएको छ । त्यो मानिस अलि मोटो घाटो र जुंगा पालेको छ । पुलिसको जस्तो लुगा लगाएको छ । उसले हातमा लट्ठी पनि लिएको हुन्छ ।

बुढो त मनमनै खुशी हुँदै मानिसरूपी भेंडा लिन बगैंचा भित्र पस्यो । त्यो मान्छे त घाममा बसी मज्जाले चुरोट तानीरहेको थियो । बुढोले त्यस मानिसलाई आफ्नो घर जाउँ बाबु भन्दै तान्न गयो । बुढोको यस्तो कार्य देखी त्यो बगैंचाको पालेले पक्कैपनि त्यो बुढो पागल हो भन्ने ठानी खुरुक्क उठेर हिंडेछ । तर बुढोले छोडेन । उ त झन रिसाउँदै त्यस मानिसलाई जबरदस्ती घाँटीमा डोरीले बाँध्न लाग्यो । बुढोको यस्तो हरकत देखेर बगैंचाको पालेले बुढोलाई बेस्करी पिट्यो अनि बुढोको हात भाँचियो । बुढोको केही नलागेपछि उ फर्केर माष्टर

कहाँ गई त्यस मानिसलाई भेंडा नै बनाउने आग्रह गर्न गयो ।

ठग माष्टरले फेरि बुढोसंग पैसा ठग्ने विचार गऱ्यो ।

माष्टरले भन्यो- काका । मानिसलाई भेंडा बनाउन गाऱ्हो छ । त्यसैले ४ हजार रकम लिएर आउनु । म त्यस मानिसलाई भेंडा बनाइदिन्छु ।

बुढोलाई आफ्नो पैसा बढि गएको भन्दा पनि त्यस मान्छे रूपी भेंडा संग बदला लिने विचारले छटपटायो ।

बुढो- जति परेपनि म पैसा तिर्न तयार छु । तर मलाई भेंडा चाहिएको छ । अनि त्यो भेंडाले थाहा पाउनेछ म पनि त्यो भन्दा कम छैन भन्ने कुरो ।

(भोलिपल्ट बुढोले ४ हजार रकम माष्टरलाई बुझायो । माष्टरले पनि ४ हजार रकम बुढोसंग ठगी सकेपछि पहिला ल्याएदेखि गोठमा बाँधिराखेको त्यस बुढोको भेंडोलाई आफ्नो मालिकलाई पनि नचिन्ने भेंडो तँ होइन भन्दै गालि गर्दै बुढोलाई बुझाइदिए ।)

मूर्ख बुढोले विचरो भेंडालाई पिट्दै भने- आज म तँलाई बाँकी राख्दिन । तँलाई मान्छे बन्न पाएपछि आफ्नो मालिकलाई पनि चिन्न छोडिस् हैन ? यति भन्दै रीसको जोशमा होश गुमाई मूर्ख बूढोले भेंडोलाई पिटेर हात खुट्टा नै भाँचिदियो । उसले सम्झ्यो, बल्ल बदला लिने मौका पाएँ । विचरो भेंडो यातना खप्न नसकी बीच बाटोमा नै मऱ्यो । यसरी एक मूर्ख बुढोको नराम्रो चेतनाले गरेर एक ठग माष्टरले पनि नराम्रो चेतना जगाई ठग्ने मौका पायो भने एक निर्दोष भेंडोले पनि बुढोको निदर्यी व्यवहारलाई खप्न पऱ्यो । त्यति मात्र होइन एक निर्दोष बगैंचे पालेले समेत नचाहिंदो झमेला झेल्न पऱ्यो । तर बुढोको त्यस नराम्रो चेतनाले एक निर्दोष भेंडालाई लिएको वदलाले त्यस बुढोको मनमा कदापि शान्ति दिन सक्दैन ।

यसरी चाहे बुझेर होस्, चाहे नबुझेर होस् आफ्नो चेतना राम्रो नराम्रो जस्तो सुकै भएपनि त्यसबाट रोपिएको कर्मफल आफैले भोग्नु पर्छ । त्यसैले राम्रो फल भोग्ने हो भने हरेक क्षण आफ्नो चेतनालाई सजग र होशियार बनाई राम्रो लक्ष तर्फ अगाडि बढ्नु पर्छ । तर यस कथाको बुढो जस्तो मूर्ख र माष्टर जस्तो स्वार्थी बनेर होइन ।

■

✏ संघरक्षित भिक्षु; संघाराम

## (१) बैराग्य बनी

*संघ-भिक्षुको आजन्म शरण जान ।*
*घरबार, माया बन्धन चटक्क छोडें ।।*

*राम्रो कुशल कार्यमा सरिक हुन ।*
*क्षिण गर्ने पर्दोरहेछ संक्लेश अवगुण,*
*तगारोरूपी तृष्णाबाट वैराग्य बनी ।।*

## (२) सुख

*अत्यावश्यक बस्तु प्राप्त हुनु सुख ।*
*प्राप्त धन भोग गर्न पाउनु सुख ।।*

*कसैको ऋणी नभई जीउने जीवन सुख ।*
*अझ सुख त दोषरहित जीवन सुख ।।*

## (३) हाँस्दै छु

*धर्मको सागरमा चुर्लम्म छु म ।*
*तैपनि भित्र-भित्र प्यासी नै छु ।।*

*दुःखै दुःखमा कठांग्रिएको छु म ।*
*तैपनि बाहिर-बाहिर हाँस्दै नै छु ।।*

## (४) सत्पुरुष

*श्रीखण्ड-चन्दनको रूख सुकेर गएपनि ।*
*सुगन्ध आफ्नो छोड्दैन ।।*

*बिद्वान-सत्पुरुष बाटो बिर्से पनि ।*
*अनैतिक कृत्यमा लाग्दैन ।।*



Downloaded from http://www.dhamma.digital

# धरानमा मृत्युसंस्कार

✍ श्री के.बी. मोक्तान

१) हाम्रो नेपाली समाजमा चलिआएको संस्कार विधिहरू विभिन्न रुपमा प्रचलित छन् । बौद्ध धर्मावलम्बीहरूले एउटै धर्म ग्रहण गरे तापनि संस्कार विधिमा विभिन्नता छ । बुद्ध धर्मको सिद्धान्तमा भने संस्कारको लागि त्यस्तो महत्वपूर्ण स्थान छैन । त्यसैले यो धर्म होईन, व्यवस्था अनुसार प्रचलनमा ल्याएको संस्कार मात्र हुन् । तर शुभ अशुभ कार्य गर्दा धार्मिक, सिद्धान्तको विपरित जान पनि हुँदैन ।

२) आजको परिस्थितिमा जन जातिको मनवा अनुकूल यो प्रचलित संस्कार विधिमा सुधार ल्याउन त्यतिकै आवश्यकता भएको छ जति की हाम्रो नेपालको अर्थव्यवस्थामा छ । समयअनुकूल सुधारिएको संस्कारद्वारा नै मानव जीवनको गुणस्तर सुसंस्कृत भएर माथि उठ्दछ । यस्ता संस्कारद्वारा नै मनुष्य प्रभावित भएर बहुजन हितार्थ कल्याण मार्गको अनुकरण गर्दछ ।

३) अन्ध विश्वास रुढी वादि विचारधारालाई प्रोत्साहित गर्दै सधैं आर्थिक मार परी एकातिर धार्मिक सिद्धान्तको विपरित मादक पदार्थको सेवन पशु हत्या जस्ता घृणीत कार्य भइरहेको देखिन्छ । यथार्थमा चलिआएको संस्कार विधिमा सुधारगरी चलाउनु नै मानव कर्तव्य धर्म र समाजको सेवा गर्नु पनि हो । तसर्थ भू-मण्डलका प्रत्येक जन जातिमा जन्म देखि मृत्यु सम्म घटी वा बढी न कुनै रुपले गरिने संस्कारहरू यस प्रकार छन् :–

४) (१) गर्भ मंगल (२) नामाकरण (३) अन्नप्राशन (४) चुडा कर्म (५) विद्या आरम्भ, व्रतबन्ध (६) प्रव्रज्या (७) विवाह (८) मृत्यु । उपरोक्त संस्कार-हरूमा मृत्यु र विवाह मानव जीवनको महत्वपूर्ण संसकारहरू हुन् । यी संस्कारहरू गर्दा मानव समाज भित्र निम्न विधि द्वारा कार्य सम्पादन गर्दछन् । विवाह खुशियाली को रुपमा र मृत्यु सम्वेदनशीलको रुपमा सम्पन्न गर्दछन् । हालै संस्कार बौद्ध संस्कार अनुरुप निम्नानुसार सम्पन्न गरिएको छ ।

५) **दाह संस्कार**

यहि भाद्र १३ गते धरान ४ निवासी ७३ वर्षिय श्री पूर्णमान स्थापित ज्यूको निधन हुनुभयो । वहाँको श्रीमती निलकुमारी स्थापित र चार भाई छोरा, बुहारीहरू छन् र अन्य नाति नतेनाहरू पनि छन् । दिवंगत व्यक्ति बुद्ध विहारका घनिष्ट आजिवन सदस्य हुनुहुन्थ्यो । वहाँको दाहकम्म संस्कार बौद्ध संस्कार अनुरुप त्रिशरण पंचशिल बुद्ध, धर्म संघको गुण स्मरण गर्दै परित्राण पाठ श्रामणेर भद्दिय तथा गुरुमांद्वारा र बौद्ध उपासक श्री के.बी. मोक्तानद्वारा सम्पन्न गरिएको थियो । कुनै प्रकारको जातिय संस्कार गरिएन । पुरोहित गुभाजु लामा चलाएन शुद्ध बौद्ध संस्कार अनुरुप भयो ।

६) यस्तै २०५७ भाद्र १९ गते धरान ७ निवासी देशी लाइनका ७८ वर्षीय श्रीमती पूर्णमाया श्रेष्ठज्यूको निधन भयो । वहाँका २ भाई छोरा बुहारी र एक विवाहित छोरी छन् ।

७) यस्तै २०५७ आश्विन ५ गते धरान ३ निवासी पुरानो बजार बस्ने ६५ वर्षिय गंगादेवी तुलाधर ज्यूको पनि दिवंगत भयो । वहाँका ३ भाई छोरा बुहारी छन् ।

८) यसै गरि आश्विन ५ गते धरान ८ निवासी २८ वर्षिय श्री राजु मोक्तानको पनि दिवंगत भयो । वहाँका १ छोरा र १ छोरी छन् ।

उक्त उल्लेखित ५,६,७,८ को दाहसंस्कारमा कुनै प्रकारको अन्य संस्कार नगरी शुद्ध बौद्ध संस्कार विधिअनुरुप सम्पन्न गरिएको छ । उक्त शोकाकूल परिवार प्रति बुद्ध विहार बौद्ध संस्कार अनुरुप कार्य सम्पन्न भएकोमा दु:खमा दु:ख व्यक्त गर्दै बौद्ध धर्मलाई अंगाली दिएकोमा सराहना पनि गर्दछौं । भवतु सब्ब मंगलं साधु, साधु साधु । ■

# प्रव्रजित हुन सप्ताह ब्यापी सत्याग्रह गर्ने भिक्षु राष्ट्रपाल

✍ **कृष्णकुमार प्रजापति**

बुद्धकालीन कुरु प्रदेश स्थितको थुल्लकोट्ठित गाउँको श्रेष्ठीको घरमा एकजना बालक सुपुत्रको जन्म भएको थियो । उसको नाम थियो- राष्ट्रपाल, पाली भाषामा "रट्ठपाल" भनिन्थ्यो । राष्ट्रपालको परिवार गाउँको प्रधान नै मानिन्थ्यो । सम्पन्न परिवारमा एक्लो सुपुत्रको रुपमा जन्म लिएका बालक-राष्ट्रपालले बचपनदेखि युवावस्थासम्म पनि आमोद प्रमोदको जीवन बिताएका थिए । उसको आमाबाबुले उसलाई राम्री सुकन्यासित विवाह गरी दिएका थिए ।

यसरी युवक राष्ट्रपालले दाम्पत्य जीवन बिताई-रहेको बेला एक दिन भगवान बुद्ध भिक्षु संघ सहित कुरु जनपद (देश) मा चारिका गर्नु भएको थियो । सही धर्मका प्यासी युवक राष्ट्रपाल पनि भिक्षु संघको संगसगै थुल्लकोट्ठित निगममा जहाँ भगवान बुद्ध रहनु भयो तथागतको समिपमा रही बस्नु भयो । निगमका, गाउँका ब्राह्मण गृहपतिहरूले पनि भगवान् बुद्ध लगायत भिक्षु संघ आउनु भएको थाहा पाई तथागतको गुण चर्चा गर्नु भएको थियो कि वहाँ शास्ता अर्हत, सम्यक सम्बुद्ध हुनुहुन्छ, पुरुषहरूको दमन गर्ने वाला सारथी हुनुहुन्छ, विद्या र आचरणबाट सम्पन्न हुनुहुन्छ र देव मनुष्यहरूको शास्ता (गुरु) हुनुहुन्छ । आ-आफ्नो भाग्यको सराहना र महशुस गरी उनीहरू सबै भगवान् बुद्ध दर्शन गर्न गए । उनीहरू सबैले भगवान् बुद्धलाई वन्दना गरी बसे, केही कुशल क्षेमका कुराकानी गरी बसेका भिक्षुसंघ लगायत उपस्थित सबैलाई भगवान् बुद्धले उपदेश दिई सन्तुष्ट पार्नु भएको थियो । भगवान् बुद्धको उक्त, उपदेशद्वारा सन्तुष्ट हुनेहरूमा युवक राष्ट्रपाल पनि थिए । भगवान् बुद्धको सद्-उपदेशबाट सही धर्मको अवबोध भै धर्म पिपासु युवक राष्ट्रपालले सोच्न थाले कि घरमा रही बसी भगवान् बुद्धले बताउनु भएको धर्म परिपूर्ण तवरले परिशुद्ध ब्रह्मचर्य पालन गर्नु दुष्कर हुन्छ, कठीन हुन्छ, गृहस्थीमा रही बसी सम्यक धर्मलाई त्यतिकै पवित्रता र सम्पूर्णताका साथ धर्माचरण गर्न कठीन हुन्छ । अत: मैले केश दाह्री काटी खौरी मुण्डन भै गरी काषाय बस्त्र धारण गरी गृहस्थ त्यागी बेघर भै प्रव्रज्या लिन्छु, उपसम्पदा लिन्छु भनी युवक राष्ट्रपालले मन मनै सोच्न थाले ।

भगवान् शास्ताको उपदेश सुनी सबै ग्रामबासीहरू आ-आफ्नो घर फर्के । तर श्रेष्ठी पुत्र युवक राष्ट्रपाल घर नफर्की भगवान् बुद्धको समपिमा गई वन्दना गरी, अभिवादन गरी बसेर भगवान्संग प्रार्थना गरे, "भन्ते भगवान् ! जति जति मैले भगवानको उपदेशलाई, सम्यक धर्मलाई सम्झें, मनन गरेको थिएँ, यो त घरमा बसेर ब्रह्मचर्य पालन गर्न अति नै कठीन छ, त्यसैले, भन्ते ! प्रव्रजित हुने मेरो कामना छ, अभिलाषा छ । भन्ते तपाईबाट मलाई प्रव्रज्या गरी दिनुहोस् । उपसम्पदा गरी गराई पाउँ ! मलाई प्रथमत: प्रव्रजित गरी दिनुहोस् ! अनि बुद्धले सोध्नु भयो, 'राष्ट्रपाल ! प्रव्रजित हुन के तिम्रो आमा बाबुको सहमति छ ? अनुमति छ ?

राष्ट्रपालले भन्यो, "भगवान् ! छैन ।"

बुद्धले भन्नु भयो, "त्यसो भए जो जसलाई आ-आफ्नो आमा बाबुको अनुमति प्राप्त भएको छैन, सहमति छैन, उसलाई तथागतले (मैले) प्रव्रजित गर्न गराउन सक्दैन, मिल्दैन ।"

राष्ट्रपालले भने, "भन्ते ! म मेरो आमा बाबुको अनुमति, सहमति प्राप्त गर्ने प्रयास गर्नेछु ।" यति वाक्य बोली राष्ट्रपालले बुद्धलाई अत्यन्त विनम्रतापूर्वक वन्दना गरी गौतम बुद्धसंग बिदा भै घर गएर आफ्नो आमा बाबुलाई अनुरोध गर्न थाले, "हे आमा ! हे बुबा ! मलाई प्रव्रजित हुने अनुमति दिनुहोस्, सहमति दिनुहोस् !"

राष्ट्रपालको आमा बाबुले युगल श्वरमा, कर्णप्रिय स्वरमा भाव विह्वल भै भन्नुभयो, "सुपुत्र राष्ट्रपाल ! तिमी हाम्रो एक मात्र छोरो हौ, तिमी हाम्रो सान्हैप्रिय छोरो हौ । सुखमा हुर्केका, सुख नै भोगी आएका तिमीलाई कुनै किसिमको दु:खनै थाहा छैन । जाऊ ! तिमी खाऊ, पिऊ, मोज गर र जति र जस्तो पुण्य चाहेको हो त्यस्तो पुण्य कार्यमा घरैमा बसी गर । यस्तो एक्लो पुत्रलाई हामीहरू बाँचुन्जेलसम्म तिमीलाई कुनै किसिमको दु:ख कष्ट पीर मर्का भएको त हेर्न देख्न चाहँदैन भने घर छोडी बेघर भै प्रव्रजित हुने अनुमति, सहमति कसरी दिन सकिन्छ कल्पना नै गर्न सकिने कुरो हो र ? त्यसैले प्रव्रजित हुने कुरो नगर ! अनुमति हामीबाट दिन सकिंन्दैन र मिल्दैन पनि हाम्रो मुटुको ढुकढुकी तिमी प्रिय पुत्र हामीलाई छोडेर जाने अनुमति हामीले कसरी दिन सक्छौं ? त्यसरी प्रव्रजित भएर जाने कुरो नगर, नसोच !"

यसरी आमा बाबुले सम्झाउँदा बुझाउँदा पनि राष्ट्रपालले त्यही नै प्रव्रजित हुने अनुमति पाउन तीन



Downloaded from http://www.dhamma.digital

तीन पटक अनुरोध गर्दा पनि आमा बाबुले इन्कार गरे।

यसरी आफ्नो अनुरोधलाई आमा बाबुले नस्विकारेपछि युवक राष्ट्रपालले नाङ्गै भएर जमीनमा पल्टेर पुन: आमा बाबु समक्ष जिद्दी गर्न थाले, "या त म प्रव्रजित भएर भिक्षु नै बन्ने छु, या त यहीं नै नमरुञ्जेल केही पनि नखाईकन पल्टेर नै बस्ने छु। या त यही नै मेरो मरण हुनेछ यात प्रव्रज्या मिल्नेछ।"

यसरी जिद्दी गरेर सात दिनसम्म पूरै निराहार भै, केही पनि नखाईकन अनसन बसी आमा बाबुलाई केही गर्न र भन्न बाध्य पारे। एक्लो छोरोले आफ्नो जिद्दी पुरा नगरीकन नछोड्ने भयो भनी उसको आमा बाबु बडो चिन्तित हुन थाले। उनीहरूले एक्लो छोरोलाई धेरै सम्झायो, "हेर छोरा! उठ्! खाना खाऊ! पिऊ, सुख भोग गर। तिमीले कुनै किसिमको दु:ख भोगेको छैन। घरमै बसेर पुण्य गर!" तर राष्ट्रपालले केही पनि नबोली मूर्ति जस्तै मौन भएर बसे। जतिसुकै सम्झाए पनि नसम्झे पछि आमा बाबुले राष्ट्रपालका मित्रहरू, सहयोगीहरू मार्फत सम्झाउन बुझाउन प्रयत्न गर्न थाले। राष्ट्रपालका साथीहरूलाई आमा बाबुले भन्न थाले," तिमीहरूको साथी राष्ट्रपाललाई सम्झाओ, हाम्रो एक मात्र छोरा हुनाले उनीलाई प्रव्रजित नवनाउ उसले तिमीहरूको कुरा मान्छ, त्यसैले तिमीहरू उसलाई सम्झाओ।"

आमा बाबुको अनुरोधलाई स्विकारी राष्ट्रपाललाई सम्झाउन गए। साथीहरूले राष्ट्रपाललाई अनेक तरहले सम्झाए तापनि राष्ट्रपालले केही पनि उत्तर नदिई जवाफै नदिई नबोलिकन बसे। उनी शान्त भएर मौन ब्रत लिएर बसे। कसैले पनि सम्झाउन सकेन, बरु सम्झाउन जाने मानिसहरू नै कायल भएर हैरान भएर फर्के।

राष्ट्रपालको नसम्झीने जिद्दी स्वभाव देखेर फर्केर आई राष्ट्रपालको आमा बुबालाई नै अनुरोध गर्न थाले, "राष्ट्रपालले केही पनि नखाईकन घाम नाङ्गै तापेर कि मर्छु, कि प्रव्रज्या लिएर छाड्छु भनेर बसेका छन्। तपाईहरूले प्रव्रज्या हुन अनुमति, स्विकृति दिनुभएन भने त्यहीं नै तपाईको एक्लो पुत्रको मृत्यु हुनेछ, यदि तपाईहरूले अनुमति, स्विकृति दिनु भयो भने प्रव्रजित भए पनि त कमसेकम एक्लो छोराको अनुहार हेरेर मन धैर्य गर्ने बाटो हुन्छ। उसको मन प्रव्रजित हुन गइरहेछ। त्यसैले तपाईहरूले राष्ट्रपाललाई प्रव्रज्या हुन अनुमति दिनुहोस्।"

"ठिकै छ, यदि छोराको यस्तै बिचार रहेछ भने" बाबुआमाले हारमानी पराजित भै, "हामीहरूले राष्ट्रपाललाई प्रव्रजित हुन अनुमति दियौं। प्रव्रजित भएपछि हामीलाई दर्शन भेट गर्न आउनु पर्छ।" यसरी आमाबाबुले अनुमति दिएको खबर साथीहरूबाट सुनेपछि मात्र अनसन र मौन ब्रत भंग गरी उठेर गई गौतम बुद्ध रहनु भएको स्थानमा पुगी बुद्धलाई वन्दना गरी पुकार्न थाले," भन्ते शास्ता मैले मेरो आमा बुबाको अनुमति प्राप्त गरेको छुँ। भगवन्! मलाई प्रव्रजित गराई दिनुहोस्।"

भगवान् बुद्धले राष्ट्रपाललाई प्रव्रज्या र उपसम्पदा गराई दिनु भयो, प्रदान गर्नु भयो। दुई हप्ता पछि थुल्लकोट्ठि निगम (ग्राम) बाट भगवान् बुद्ध श्रावस्तीतर्फ लाग्नु भयो। राष्ट्रपाल भिक्षु पनि उहाँको साथमा लाग्नु भयो। श्रावस्तीमा अनाथपिण्डिक महाजन (सुदत्त) ले निर्माण गर्नु भएको जेत वनाराम महाविहारमा बुद्ध सहित सकल भिक्षुहरू विहार गर्नु भयो, रहनु भयो। त्यहाँ रहनु भएको बेलामा राष्ट्रपाल भिक्षुले संयमित भै विहार गरी रहनु हुँदा अल्पकालमै, थोरै समयमै आफ्नो उद्देश्य प्राप्त गरी वहाँ अर्हत समेत हुनुभयो।

प्रव्रजित हुने अनुमति दिनु भएको बेलामा आमा बाबुले भन्नुभएको, वाचा संस्मरण गरी आमा बाबुको दर्शन भेट गर्न गाउँमा जानको लागि भगवान शास्ताको समिपमा गई वन्दना गरी अनुमतिको लागि प्रार्थना गर्न थाल्नुभयो," भन्ते शास्ता, यदि तपाईले अनुमति दिनु भयो भने म मेरा आमाबाबुको दर्शन भेट गर्न चाहन्छु।" गौतम बुद्धले राष्ट्रपालको मनस्थिति बुझ्नु भै राष्ट्रपाल भिक्षुले भिक्षु शिक्षा (निगम) छोडी गृहस्थी बन्न तुल्याउन नसकीने अवस्था स्वयं विद्यमान रहेको महशुस गरी भन्नु भयो, "राष्ट्रपाल तिमीले आमा बाबुलाई भेट्न, दर्शन गर्न सक्छौ। अनुमति भयो।" बुद्धबाट अनुमति प्राप्त गरी वन्दना गरी चीवर पात्र धारण गरेर राष्ट्रपाल भिक्षु पुन: थुल्लकोट्ठित गाउँतर्फ प्रस्थान गर्नु भयो। थुल्लकोट्ठित गाउँ नजिकैको राजा कौरब्यको मिगचीर उद्यान (वगैचा) मा विहार गर्नु भै पूर्वान्ह समयमा भिक्षु नियमानुसार राष्ट्रपाल भिक्षुले चीवर पहिरी पात्र लिई भिक्षाटनको लागि थुल्लकोट्ठित गाउँमा प्रवेश गर्नुभयो। गाउँमा कहीं कतै पनि नपर्खिकन वहाँले आफ्नो बुबाको घरमा पुगी भिक्षाटनको लागि उभिनु भयो। त्यसबेला वहाँको पिता कपाल काटी रहनु भएको थियो भने वहाँले आफ्नो सुपुत्र भिक्षु भै भिक्षाटन गर्न आएकोमा चिन्न सक्नु भएन। काषाय बस्त्र धारी पर देखि आएको देखेर गृहपति बुबाले गाली गर्न शुरु गरीरहेको थियो। "यही मुण्डकहरूले, श्रमणहरूले मेरो एक्लो प्रिय पुत्रलाई प्रव्रजित गरी दियो।" राष्ट्रपाल भिक्षुले आफ्नो पितृगृहबाट न दान पाउनु भयो, न सत्कार पाउनु भयो, बल्की गाली गलौज मात्र पाउनु भयो। यसरी गाली बर्षीरहेको बेलामा गृहपति बुबाको घरबाट एक दासीले बासी दाल फ्याक्न बाहिर निस्केकी थिईन। राष्ट्रपाल

भिक्षुले बासी दाल फ्याक्न जान लागेकी दासीलाई भन्नुभयो, "बहिनी ! दाल फाल्न फ्याक्न चाहन्छौ भने यहाँ मेरो पात्रमा खन्याइ देऊ ।"

दाल पात्रमा खन्याई रहेको बेलामा दासीले राष्ट्रपाल भिक्षुको रूप, रंग र स्वरबाट उहाँलाई चिन्यो । अनि दौडेर गृहपतिको घरमा गै राष्ट्रपाल भिक्षुको आमालाई दासीले भनिन्, "मालिकनी ! बुझ्नु भो ! तपाईको आर्यपुत्र राष्ट्रपाल आउनु भएको छ ?" हो र ? राष्ट्रपालको आमाले आश्चर्यचकित र भाव विभोर भै भन्नुभयो," दासी ! यदि तिमिले सत्य बोलेको हो भने आजैदेखि तिमी दासत्वबाट मुक्त भयो ।"

राष्ट्रपाल भिक्षुको आमा तुरुन्तै दौडेर गई गृहपति बुबाकहाँ पुगी पुत्र आएको खबर बताउन थाल्नु भयो । खबर सुन्ने बितिकै गृहपति धोति मिलाउँदै सम्हाल्दै दौडेर राष्ट्रपाल भिक्षु जहाँ बासी दाल ग्रहण गरी खाई रहनु भएको स्थानमा पुग्नु भै छोरो भिक्षुलाई प्राथना गर्नु भयो, "पुत्र राष्ट्रपाल ! बासी दाल नै खाई रहने हो र ? जाउँ घरमा ?"

अनि राष्ट्रपाल भिक्षुले भन्नुभयो, "गृहपति बुबा ! घर छोडेर वेघर भएका हामी प्रव्रजितहरूको घर कहाँ हुन्छ ? गृहपति बुबा ! अघि तपाईको घरमा गएको हुँ । त्यहाँ न मैले दान प्राप्त गर्न सकें, न मान सत्कार नै, न प्रत्याख्यान । किन्तु मैले गाली गलौज मात्र पाएँ ।"

गृहपतिबुबाले भन्नु भयो, "आऊ पुत्र ! राष्ट्रपाल घरमा जाऔं ।" राष्ट्रपालले जवाफ दिनुभयो, "बस गृहपति ! आज मैले भोजन गरी सकें ।" "त्यसो भए भोलिको लागि भएपनि भोजन स्विकार्नु," गृहपतिले अनुरोध गर्नुभयो । राष्ट्रपाल भिक्षुले आफ्नो पिताको निमन्त्रणालाई मौन भावले स्विकार्नु भयो । घरमा पुगी गृहपति बुबाले राष्ट्रपालका (पूर्व) धर्मपत्नीलाई भन्न थाल्नु भयो, "बुहारी ! जुन अलंकारीत गर गहना, बस्त्र, आभूषण लगाउँदा तिम्रो पति राष्ट्रपाललाई मन परेको थियो, त्यही नै अलंकार, बस्त्र, आभूषण पहिरी आकर्षित गरी घर फर्कने, गृहस्थ बन्ने बनाउने प्रयत्न गर ।"

राष्ट्रपाललाई आमन्त्रण गरेको दिनमा भोजन तयार भएपछि सूचना दिनु भयो । राष्ट्रपाल भिक्षुले पनि उचित ढंगले चीवर पहिरी पात्र लिई सजिराखेको आशनमा विराजमान हुनुभयो । वहाँको पिताले राष्ट्रपाललाई पुन: गृहस्थ बनाउने नियतले धन सम्पत्ति अगाडि राखी देखाएर भन्नुभयो, "यो तिम्रो मातृ धन हो, यो पितृ धन हो, यो तिम्रो हजुर बुवाको पालादेखि चलाई आएको धन सम्पत्ति हो । तिम्रो लागि भोग चलन गर्ने प्रशस्त धन सम्पति छ, गृहस्थभै रही बसी पुण्य गर्ने पनि प्रशस्त छ । त्यसैले पुत्र, भिक्षु जीवन त्यागी गृहस्थ बन, सुख शयल भोग र पुण्य दान कर्म गर ।"

भिक्षु राष्ट्रपालले उत्तर दिनुभयो, "गृहपति (पिता) ! यदि तपाईं मेरो कुरा मान्नु हुन्छ भने यी सबै हिरा, मोति, जुहार, पन्ना, सुन जस्ता धन सम्पत्ति गाडीमा राखी गंगा नदीमा लगेर फ्याँक्नुहोस्, फ्याँकिदिनुहोस् । किनभने यी यस्ता भौतिक धन सम्पतिले गर्दा तपाईंलाई दु:ख दौर्मनस्य, क्लेश, मन र शरीरमा पीडा र कष्ट हुने र बढाईदिने हुन्छ ।" यसरी भएको धन सम्पति पनि केही कामको छैन, गंगा नदीमा फ्याँकी दिनु पर्ने जस्ता कुरा सुनी रहेका धर्मपत्नीले पनि भिक्षु राष्ट्रपालको पाउ (खुट्टा) समाई अनुनय विनय गरी सोध्न थालिन्, आखिर, आर्य पुत्र ! तपाईले ब्रह्मचर्य पालन गरेर के स्वर्गमा अप्सराहरूसित विचरण गर्नको लागि नै हो र ? के अप्सराहरू म भन्दा अधिक सुन्दरी हुन्छे ?" भिक्षु राष्ट्रपालले जवाफ फर्काउनु भयो, "बहिनी ! मैले ब्रह्मचर्य पालन गरेको अप्सराहरूको लागि होईन ।" धर्मपत्नीलाई "बहिनी" भनी सम्बोधन गरेको सुन्नासाथ धर्मपत्नी 'देवि' मुर्छित भै भुईंमा ढल्न थालिन् ।

भोजनको निमन्त्रणामा आउनु भएका भिक्षु राष्ट्रपाललाई परिवारका सबैले गन्थन गरी प्रतिप्रश्न मात्र तेर्साईरहेकोले अन्तमा राष्ट्रपाल भिक्षुले पितासित पुन: भन्नुभयो," गृहपति ! यदि तपाईले भोजन गराउनु हुन्छ भने दिनुहोस् मलाई कष्ट र कायल नगर्नुहोस् ! बेकारको मलाई हैरान किन गर्नु हुन्छ ?" पिताले भन्नुभयो, "पुत्र राष्ट्रपाल ! भोजन तयार छ, गर, यथेष्ठ मात्रामा भोजन गर ।" यसरी वहाँलाई यथेष्ठ मात्रामा भोजन गराउनु भयो ।

भोजन गरी सकेपछि भिक्षु राष्ट्रपालले जीवनको असारता र अनित्य धर्मको उपदेश दिई त्यहाँबाट कुरु नरेशको मृगोद्यानमा फर्कनु भयो र छायाँदार बृक्ष (रूख) को मुन्तिर बस्नु भयो ।

उक्त मृगोद्यानमा काम गर्ने मालीलाई राजाले आदेश गर्नु भयो कि यो उद्यान (बगैंचा) हेर्न आउनेहरू आउनु अगावै हेर्न लायक ढंगले सफा गरी राख्नु पर्दछ । यो बाग बगैंचा मन मोहक, आकर्षक ढंगले ठिकठाक भएको हुनु पर्दछ । राजाको आज्ञा मुताबिक मालीले उद्यानमा काम गरीरहेका थिए । काम गरीरहन्दा मालीले उद्यानमा छायाँदार बृक्षमुनि भिक्षु राष्ट्रपाल बसीरहनु भएको देख्यो । तत्कालै मालीले राजाकहाँ गई बिन्ति बिसाउन थाले, "महाराज ! सरकारको बगैंचा (उद्यान) साँच्चिकै देख्न हेर्न लायकको भएको छ । उद्यानको



Downloaded from http://www.dhamma.digital

छायाँदार बृक्षमुनिराष्ट्रपाल भिक्षु विराजमान हुनु भएको छ ।" कुरु नरेशले पनि भिक्षु राष्ट्रपालको बारेमा सुनी राख्नु भएको थियो ।

कुरु नरेशले मालिलाई भन्नुभयो, "आज उद्यान यात्रा गर्ने, आज म श्रद्धेय भिक्षु राष्ट्रपाल जस्ता श्रमणको दर्शन गर्नेछु" राजाले उद्यान विहार गर्ने आज्ञा गर्नुभयो। राजाले आफ्नो साथमा आफ्नो अनुयायीहरू लिई राजकीय सन्मानका साथ रथमा विराजमान भै भिक्षु राष्ट्रपाल विराजमान हुनु भएको मृगोद्यानमा सवारी हुनु भयो । जहाँसम्म रथबाट यात्रा गर्न सकिन्छ, त्यहाँसम्म रथबाट यात्रा गरी रथबाट ओर्लि पैदलबाटै सवारी भै राष्ट्रपाल भिक्षुकहाँ पुगी वन्दना गरी कुशल-क्षेमको कुराकानी, वार्ता गर्नुभयो। यसरी राजाले उभेरै कुशलवार्ता गरी सकेपछि श्रद्धेय भिक्षु राष्ट्रपाललाई अनुरोध गर्नुभयो, "तपाई यो फूलले सजिएको ढेरीमा विराजमान हुन आमन्त्रण गर्दछु ।"

भिक्षु राष्ट्रपालले भन्नुभयो, "होईन राजन् ! तपाई त्यहाँ बस्नुस । म आफ्नै स्थानमा बस्छु । "संकेत गरेको स्थानमा राजा गै बस्नु भयो र भन्नुभयो," श्रमण राष्ट्रपाल ! चारवटा हानी (नोक्सानी) का कारण मानिसले, दार्ही कपाल काटी खौरी मुण्डक भै काषायवस्त्र धारण गरी घरबाट बेघर भै प्रव्रजित हुन्छ। ती के के हुन् ? (१) बृद्ध हुनु, (बूढो हुनु), (२) स्वास्थ्य बिग्रेपछि, (३) दरिद्रता र (४) मृत्युको समिपमा पुगेपछि । तर, तपाईको त चढ्दो जवानी छ, कालो कालो कपाल नै छ । एउटा पनि केश सेतो भएको छैन । सुन्दर तरुण अवस्थाको हुनुहुन्छ । उल्लेखित चार वटा हानी मध्ये कुनैले पनि छुनेवाला अवस्थाको छैन । तपाई किन घरबाट बेघर भै प्रव्रजित हुनु भएको ? तपाई न त दरिद्र हुनुहुन्छ, न सम्पत्ति नै सुन्य भएर हो । उमेर पनि ढलेको छैन, धेरै आयु गएको पनि छैन, जरा जीर्ण, रोगी पनि होईन, मृत्युको संघारमा पुगेको पनि होईन, कमाउनमा कष्ट भएको र कमाउनु पर्ने व्यक्ति पनि हुनुहुन्न । तपाईले यसरी गृहस्थ त्यागी श्रमण जीवन, त्यागी जीवन, प्रव्रजित जीवन किन अपनाउनु भएको ? तपाईले के जान्नु भयो, के थाहा पाउनु भयो ? के देख्नु र सुन्नु भयो ? तपाई किन यसरी घर छोडी बेघर भै प्रव्रजित हुनु भएको ? राजाले बारंबार यसरी प्रतिप्रश्न तेर्साउनु भयो ।

कुरु नरेशले बिसाउनु भएको प्रति प्रश्न उपर श्रद्धेय भिक्षु राष्ट्रपालले पूर्ण तवरले जवाफ फर्काउनु भयो ।

"राजन ! मैले जान्नेवाला, देख्नेवाला भगवान् सम्यक सम्बुद्धको श्रीमुखबाट ओवाद गर्नु भएको सुनी मैले पनि निम्न लिखित चारवटा कुराहरू जानी, बुझी घर छोडी बेघर भै प्रव्रजित भै श्रमण जीवन यापन गरेको हुँ ।"

(क) "संसार अनित्य छ, निरन्तर परिवर्तन शील छ ।" यो अब विज्ञान सम्मत कुरो भैसकेको छ, विज्ञानले पनि प्रमाणित गरी सकेको छ ।

(ख) "संसारको कोही मालिक र संरक्षक छैन र हुन्दैन पनि ।"

(ग) "हाम्रो भन्ने केही पनि छैन । हामीले सबै पछि छोडेर जानुपर्छ ।"

(घ) "तृष्णामा वशीभूत भएर नै संसार दु:खी भएको हो ।"

उपरोक्त उपदेशित चार कुराको अर्थ र मर्म बुझेपछि राजा आश्चर्य चकित भै" यो त अद्‌भूतको कुरो रहेछ ! अद्‌भूत रहेछ ! यस विषयमा तथागत गौतम बुद्धको कथन, (धर्मोपदेश) कतिको सत्य रहेछ ? अहो आश्चर्य !" भनी राजा कराई उठ्न थाल्नु भयो । यसरी आश्चर्य चकित भै अनित्यताको र असारताको उपदेश सुनी सकेपछि कुरु नरेशले भिक्षु राष्ट्रपाललाईअभिवादन गरी फर्कनु भयो भने राष्ट्रपाल भिक्षु पनि आफ्नो मातृ पितृ ग्राम-थुल्लकोट्ठितमा केहि दिनसम्म विहार गरी बसेपछि पुन: श्रावस्तीमा भगवान सम्यक सम्बुद्ध रहनु भएको विहारमा गै बस्नु भयो ।

एकपल्ट भगवान सम्यक सम्बुद्धले भिक्षु परिषद (संघ) मा आयुष्मान् भिक्षु राष्ट्रपालको प्रशंसा गरी भन्नुभयो, सम्बोधन गर्नु भयो," जो व्यक्ति आफ्नो श्रद्धावाट प्रवजित भएका थिए, त्यसमध्ये राष्ट्रपाल भिक्षु (आयुष्मान्) अग्र थिए ।

आज पनि हामीले यस्ता श्रद्धेय भिक्षु राष्ट्रपालको गुणानुशरण र गुणानुकरण गर्नुपर्दछ । वहाँको भावनालाई कदर गर्नु पर्दछ । श्रद्धा नै ठूलो बल हो भन्ने कुरो श्रद्धेय भिक्षु राष्ट्रपालबाट प्रमाणित गरी सकेको, भैसकेको ऐतिहासिक सबुद पालि साहित्यमा पाउन सकिन्छ, पाउँदछ ।

सन्दर्भ सामग्रीहरू :-


१. रट्ठपाल सुत्त - मज्झिम निकाय - अनु. दुण्ड बहादुर बज्राचार्य
२. रट्ठपाल सुत्त - संयुक्त निकाय - अनु. दुण्ड बहादुर बज्राचार्य
३. प्रवज्या के लिए सप्ताहका सत्याग्रह - राष्ट्रपाल - बुद्ध और उनके समकालीन भिक्षु- लेखक डा. भदन्त सावंगीमेधंकर, पृष्ठ नं. ११३-११९
४. भगवान् बुद्ध और उनका धर्म - लेखक डा. भीमरावरामजी अम्बेडकर-पृष्ठ नं. १२२-१२७ (रट्ठपाल की धर्मदीक्षा)


■

# मायादेवी मन्दिर संरक्षण तथा जीर्णोद्धार कहिलेसम्म ?

✍ **विमलकुमार शर्मा**

नेपालमा सर्वाधिक चर्चाको विषय बनेको मायादेवी मन्दिर संरक्षण तथा जीर्णोद्धार योजना नेपाललाई चिनाउने महत्त्वपूर्ण अन्तर्राष्ट्रिय चासोको विषय बनेको छ। लुम्बिनी विकासका लागि संयुक्त राष्ट्र संघको सहयोगमा लुम्बिनी गुरूयोजना लागू भएयता मायादेवी मन्दिर परिसर लगायत छेउछाउका संरक्षित भग्नावशेष रहेका क्षेत्र सन् १९९७ डिसेम्बर १ मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको थियो। सन् १९९० बाट सुरू हुने भनिएको संरक्षण योजना आजसम्म पूरा हुन नसक्दा विश्वभरिका बौद्ध धर्मावलम्बी, पुरातत्त्वविद्, इतिहासकार, वास्तुकलाविद् तथा सम्पूर्ण नेपालीको सर्वाधिक चासोको विषय बनेको छ- मायादेवी मन्दिर संरक्षण तथा जीर्णोद्धार योजना।

योजना अत्यन्त महत्त्वाकांक्षी र नेपालले पूरा गरी धान्नै नसक्ने छैन। श्री ५ को सरकारले चाहेको भए मायादेवीको मन्दिर आफ्नै साधन स्रोतबाट उहिले जीर्णोद्धार भइसक्ने थियो। तर कतिपय अप्ठ्याराहरूले गर्दा अहिलेसम्म काम सम्पन्न हुने मिति किटान गर्ने अवस्था भएको छैन। हालको परिस्थितिमा भने योजना चाँडै कार्यान्वयन भई निर्धारित समयमै पूरा हुने लोभलाग्दो आशा पलाउन थालेको छ।

लुम्बिनी विकासको सेलाएको क्रियाकलाप तताउने काम सिद्धार्थ गौतमले पहिलोपल्ट पृथ्वीमा पाइला टेकेको ठाउँमा प्रतीकस्वरूप राखिएको ढुंगा (मार्कर स्टोन) प्राप्तिको तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सन् १९९६ को घोषणासँगै सुरू हुन्छ। राजनीतिक अस्थिरताका कारण विगत १० वर्षभित्र कोषले गरेका कतिपय राम्रा निर्णयहरू समयमा कार्यान्वयन हुन सकेको देखिंदैन। यद्यपि सरकार तथा लुम्बिनी विकास कोषको सक्रियतामा लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत भएको थियो।

सर्वाधिक चर्चामा रहे पनि लुम्बिनीको मुटु मायादेवी मन्दिर संरक्षण तथा जीर्णोद्धार कार्य तथा लुम्बिनी विकास भने यथावत् निष्क्रिय रहेको थियो। सन् १९९७ देखि २००० को सुरूसम्म माननीय सरद्सिंह भण्डारी तथा माननीय पूर्णबहादुर खड्काले पालैपालो एकले सुरू गरेका काम अर्काले उही तदारूकताका साथ अगाडि बढाएर लुम्बिनीलाई सर्वाधिक चर्चाको विषयमात्र बनाउनु भएन युवा खेलकुद तथा संस्कृति मन्त्रालयको महत्त्वलाई समेत स्थापित गर्न सफल हुनुभएको यसबीच भएका मन्त्रिमण्डलको फेर बदलले पनि प्रष्ट पारेको छ।

सेलाएको लुम्बिनीलाई तताउन गतवर्ष सम्पन्न विश्व बौद्ध शिखर सम्मेलन आयोजनामा सर्वाधिक चासो राखी मूल आयोजक समितिका अध्यक्ष हुनुहुने गिरिजाप्रसाद कोइराला देशको प्रधानमन्त्री र युवा खेलकुद तथा संस्कृति मन्त्रीसमेत हुनुहुन्छ। सम्मेलनका बेला प्रधानमन्त्रीज्यूले मन्दिर संरक्षण एवं जीर्णोद्धार योजनाको शिलान्यास समेत गरिसक्नुभएको छ। त्यसकारण पनि लुम्बिनीको समग्र विकासको मुटु मायादेवी मन्दिर संरक्षण एवं जीर्णोद्धार कार्य चाँडै सुरू हुने र समयमै पूरा हुने विश्वास गर्न सकिने सम्भावना बढेर गएको छ।

विश्व शान्तिका प्रतीक, एशियाका ज्योति र नेपालको गौरव सिद्धार्थ गौतमको जन्मस्थल लुम्बिनी विश्वकै अत्यन्तै महत्त्वपूर्ण पवित्र स्थल हो। सिद्धार्थ गौतमको जन्मभन्दा पहिला लुम्बिनी एउटा मनोरम उद्यानका रूपमा रहेको थियो। माइत जाने क्रममा मायादेवीले बाटामा पर्ने लुम्बिनी उपवनमा सिद्धार्थ गौतमलाई जन्म दिएपछि यो स्थलले पवित्र तीर्थस्थलका रूपमा मान्यता पाउन थाल्यो।

समय, काल, परिस्थिति अनुसार लुम्बिनीमा सम्राट अशोक, शेङ्गसाई, फाइयान, हुएनसाङ आदि चिनियाँ यात्री लगायत नेपालका खस मल्ल राजा रिपु मल्ल आदिले आफ्नो उपस्थितिको प्रमाण छाडेका छन्। सिद्धार्थ कुमारको जन्मथलो ज. खड्गशमशेर र डा. फुहररले सन् १८९६ मा पत्तो लगाए। यो स्थलको विकास तथा प्रचार-प्रसारका लागि पीसी मुकर्जी, केशरशमशेर, राष्ट्रपिता त्रिभुवन, श्री ५ महेन्द्र, संयुक्त राष्ट्र संघका महासचिव स्व. उ थान्त, प्रा. केन्जो टाँगे आदिको उल्लेखनीय योगदान रहेको छ।

मायादेवी मन्दिर छेउमा पलाएको पीपलका जराहरूले मन्दिरलाई नोक्सान पुऱ्याउन थालेको तथा अशोक स्तम्भलाई समेत नोक्सान पुऱ्याउन सक्ने हुँदा



Downloaded from http://www.dhamma.digital

पीपलका जरा हटाई दुवै कुरालाई सुरक्षित गर्नु जरूरी भएको थियो । सो काम गर्ने दाताको खोजी हुँदा जापान बुद्धिष्ट फेडरेशन (जेबीएफ) सँग सम्पर्क कायम भयो । बारम्बारको छलफल र भेटघाटपछि लुम्बिनी विकास कोष (लुविको) तथा जेबीएफका बीच पीपलको जरा हटाउने, मन्दिर उत्खनन् एवं संरक्षण सम्बन्धमा पटक-पटक गरी विभिन्न मितिमा सहमति, सम्झौता तथा संशोधित सम्झौताहरू भएका छन् ।

अप्रिल १९८८ मा प्रत्राचार सुरू भई २३ मे १९९० मा मायादेवी मन्दिर संरक्षण योजना सञ्चालन सम्बन्धमा सहमति तथा ४ सेप्टेम्बर १९९० मा दुवै पक्षबीच सम्झौता सम्पन्न भयो । जनआन्दोलनका कारणले तत्कालै काम सुरू हुन नसक्दा ६ जून १९९१ मा पुन: एक सहमतिमा हस्ताक्षर भयो । केही पत्राचार पछि ३० अगस्ट १९९२ मा भएको संझौताअनुसार नेपालमा भएको परिवर्तनपछि दुवै पक्ष सम्झौता तथा कार्ययोजनामा संशोधन गर्न मञ्जुर भए । त्यसपछि नै वास्तविक कार्य शुरू भयो ।

पहिलो चरणको कार्य गर्दै जाँदा अत्यन्तै महत्त्वका पुरातात्त्विक वस्तुहरू प्राप्त भए । मन्दिर निर्माणको चरणबद्ध प्रक्रिया तथा भगवान् बुद्धले पहिलोपटक पृथ्वीमा पाइला टेकेको ठाउँमा प्रतीकस्वरूप राखिएको ढुंगा (मार्कर स्टोन) प्राप्त भयो । तत्कालीन सम्मानीय प्रधानमन्त्री शेरबहादर देउवाले मार्कर स्टोन प्राप्त भएको घोषणासमेत गर्नुभयो । यसैबीच सार्क मुलुकका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विद्वानहरूको सम्मेलन गराइने भनिएकोमा सम्मेलनले मायादेवी मन्दिरका विभिन्न पहलुमा ठोस राय सुझावहरू प्रस्तुत गऱ्यो । सोहीअनुसार कोषका तत्कालीन अध्यक्षज्यूहरूले बारम्बार उत्खननको रिपोर्ट तयार गर्न तथा मन्दिर संरक्षण कार्य सुरू गर्न ताकेता गर्दा ३ डिसेम्बर १९९७ मा जेबीएफबाट Archaeological Survey Record of Maya Devi Temple and Recomendation for Preservation of the Remains through Restoration of Maya Devi Temple नामक प्रारम्भिक रिपोर्ट प्राप्त भयो । उत्खनन् कार्यमा संलग्न बाबुकृष्ण रिजाल तथा कोषप्रसाद आचार्यबाट समेत बेग्लाबेग्लै प्रारम्भिक रिपोर्ट प्राप्त भए तापनि उत्खनन् कार्यको विस्तृत प्रतिवेदन प्राप्त भएको जानकारीमा आएको छैन ।

यसबीच संरक्षण तथा जीर्णोद्धार सम्बन्धमा खासै उपलब्धि नहुँदा लुम्बिनी आउने तीर्थयात्री, पुरातत्त्वविद्, विद्वान् तथा शान्तिप्रेमी विश्व समुदायबाट मन्दिर संरक्षण गर्नुपर्ने कुरामा व्यापक चर्चा-परिचर्चा हुन थाल्यो । तत्काल कायम रहेको चिसोपना हटाउन कोषका तत्कालीन अध्यक्ष पूर्णबहादुर खड्काको अध्यक्षतामा ०५५।२।२४ को कार्यकारिणी बैठकबाट मायादेवी मन्दिर संरक्षण योजनाको सबै कागजात अध्ययन गरी सुझाव पेश गर्ने निर्णयबमोजिम प्रस्तुत सुझावका आधारमा ०५५।३।१२ मा पुनर्स्थापनाका सम्बन्धमा निश्चित अवधारणा सहितको संरक्षण योजनाको प्रस्ताव तयार गर्ने निर्णय गरियो । सोही अनुरूप ०५५।३।१६ को बैठकमा प्रस्तुत चारवटा विकल्पमध्ये दोस्रो विकल्पलाई स्वीकार गरी जेबीएफबाट सो डिजाइन सिद्धान्तत: स्वीकार गरिएको पत्र प्राप्त भएपछि विश्व बौद्ध शिखर सम्मेलनका बेला जेबीएफका पदाधिकारीहरूको उपस्थितिमा तत्कालीन प्रधानमन्त्री सम्माननीय गिरिजाप्रसाद कोइरालाबाट संरक्षण तथा जीर्णोद्धार योजनाको शिलान्यास भयो ।

लुम्बिनी विकास कोषबाट प्रारम्भ गर्न बारम्बार ताकेता गर्दासमेत अर्को पक्षबाट तदारूकता नदेखाइँदा अन्तमा मन्त्रालयले दुवै पक्षलाई मन्त्रालयमा राखी कार्य प्रारम्भ गर्न कुनै बाधाअड्चन भए सोमा मन्त्रालय सहयोग गर्न तयार रहेको जानकारी गराइयो । पुरानो सम्झौताअनुरूप प्रस्तुत संरक्षण योजनामा कार्य गर्न अप्ठ्यारो पर्ने हुँदा नयाँ सम्झौताअनुसार मात्र काम गर्न सकिने भन्ने जेबीएफको भनाइबमोजिम कोषले जून १९९९ मा ड्राफ्ट एग्रिमेन्ट पठायो । यता लुम्बिनी विकास कोषका अध्यक्ष माननीय शरद्सिंह भण्डारीले मायादेवी मन्दिर संरक्षण योजनामा जेबीएफले काम गर्ने भए सरकारले नेपाली जनताको सहयोगबाट पूरा गर्ने घोषणा गर्नुभयो । जेबीएफले सो सम्बन्धमा आफैंले माग गरेको समयसम्म ठोस निर्णय पठाएन । देशका ख्यातिप्राप्त विद्वानहरू, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, योजनाकारहरू, जनप्रतिनिधिहरू एवं कोषका सदस्यहरू समेत सम्मिलित २०।७।०५६ को राष्ट्रिय गोष्ठीले सरकारका तर्फबाट माननीय मन्त्रीज्यूले मायादेवी मन्दिर संरक्षण एवं जीर्णोद्धार कार्य लुम्बिनी विकास कोषले तयार पारी जेबीएफको सहमति प्राप्त गरिसकेको प्रारूपमा सरकारकै नेतृत्व र स्वदेशी तथा

विदेशीदाताहरूको सहयोगमा गर्ने गरेको घोषणालाई सर्वसम्मत समर्थन गऱ्यो।

सोहीअनुरूप ७ मार्च ०५६ को दिन मायादेवी मन्दिर प्रांगणबाट माननीय मन्त्रीज्यूले सरकारले लिएको उपरोक्त निर्णयहरूको जानकारी दिनुभई सबैलाई सहयोग गर्न आह्वान गर्नुहुँदा भेलामा उपस्थित विभिन्न संघ-संस्था तथा व्यक्तिहरूबाट दिने घोषणा गरिएको रकम रू. ६४,७७,३६५ मध्ये रू. ३०,२९,३१४ प्राप्त भई बैंक दाखिलासमेत भएको छ।

जेबीएफका तर्फबाट मायादेवी मन्दिर संरक्षण तथा जीर्णोद्धार कार्यमा नेपाली पक्षको नेतृत्व तथा तयार पारिएको प्रारूपकै सहभागिता गर्ने अभिरूचि रहेको ज्ञात हुन आएपछि कोषका सल्लाहकारहरू पूर्व राज्यमन्त्री दीपकुमार उपाध्याय तथा नोरितादा मोरिताको सक्रियतामा फेब्रुअरी ९, २००० मा उपाध्याय गजेन्द्रकुमार लामा तथा फेडरेशनका अन्तर्राष्ट्रिय शाखा प्रमुख इकाउ साकुराई बीच नयाँ सहमति कायम भएको छ।

कोषले नयाँ समझदारीअनुरूप कार्य अगाडि बढाउन आउने बैशाख पूर्णिमामा संरक्षण कार्य लगायत अन्य कार्यहरू सुरू गर्ने तयारी गर्दैछ। योजनाको विस्तृत डिजाइन त्रिवि इन्जिनियरिङ अध्ययन संस्थानको परामर्श शाखाले जेबीएफका प्राविधिज्ञको सहयोगमा तयार गर्दै रहेको छ। मन्दिर संरक्षण एवं जीर्णोद्धार कार्यको कार्यतालिका निर्माण, लगानीको बाँडफाँड आदिबारे निक्यौंल गर्न चाँडै नै जापानमा बैठक गर्ने सहमति भए अनुसार सोका लागि प्रारम्भिक बैठक काठमाडौंमा सम्पन्न भइसकेको छ। तापनि प्रधानमन्त्रीज्यूको कार्यव्यस्तता, युवा खेलकुद तथा संस्कृति मन्त्रालय विघटनको हल्ला तथा हालसम्म संरक्षण एवं जीर्णोद्धार कार्यका लागि सरकारले आफ्नो तर्फबाट दिइने अनुदानको घोषणा नगरेकाले फेरि पनि योजना कार्यान्वयन समय केही पर सर्न सक्ने सम्भावना भने यथावत् देखिन्छ।

सन्दर्भ सामग्री:

(क) मायादेवी मन्दिर संरक्षणयोजना-समस्या तथा समाधानका प्रयास २०।७।०५६ को राष्ट्रिय गोष्ठीमा प्रस्तुत कार्यपत्र,

(ख) लुम्बिनी विकास कोषबाट प्राप्त जानकारी।

*साभार - कान्तिपुर*

■

✿ धर्म प्रचार ✿ — **समाचार**

## मध्यमाञ्चल व्यापी जनगणना जागरण बौद्ध गोष्ठी

२०५७ आश्विन २८ र २९ गते शनीवार र आइतवार। स्थान– श्री कीर्ति विहार कीर्तिपूर।

युवा बौद्ध समूह काठमाडौं र श्री कीर्ति बौद्ध केन्द्रको संयुक्त आयोजनामा मध्यमाञ्चलव्यापी जनगणना जागरण सम्बन्धी दुईदिने बौद्ध गोष्ठी सम्पन्न भएको छ।

मध्यमाञ्चल क्षेत्रका १९ जिल्लाका विभिन्न बौद्ध संघसंस्थाहरूबाट गरी जम्मा एकसय छब्बीस जवान व्यक्तिहरूले भाग लिएको उक्त गोष्ठीमा सहभागीहरूले तीन समूहमा विभाजन भई बुद्ध धर्म, मातृभाषा र जाती विषयमा छलफल गरी जनगणनामा सही र तथ्यगत तथ्यांक संकलन र प्रकाशनका लागि बौद्ध समूदायले गर्नुपर्ने तयारी तथा त्यस क्रममा अपनाउनुपर्ने सतर्कताका सम्बन्धमा सुझाव प्रस्तुत गरेका छन्।

युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्यको सभापतित्त्वमा संचालित पहिली दिनको कार्यक्रम भिक्षु सुदर्शन महास्थविरले उद्घाटन गर्नुभएको थियो भने हर्षमुनि शाक्यले स्वागत भाषण गर्नुभएको थियो।

त्रीरत्न मानन्धरले गोष्ठीको उद्देश्य र गोष्ठीमा संचालन हुने विभिन्न कार्यशाला शत्रको जानकारी दिनुभएको थियो भने मदन तुलाधरले कार्यक्रम संचालन गर्नु भएको थियो।

डा. कृष्ण बहादुर भट्टचनले जनगणनाको इतिहास, आवश्यकता, महत्त्व र नेपालमा पहिला सम्पन्न भएका जनगणनामा बौद्धहरूको कम संख्या देखाइएको गलत तथ्यांक र धार्मिक षडयन्त्र विषयमा सबै बौद्धहरूले ध्यान दिनुपर्ने विषयमा जोड दिनुभयो। भिक्षु सुदर्शन महास्थविर, कर्म सिद्धि लामा र लोक दर्शन बज्राचार्य आदिले अब आउँदो जनगणनामा बौद्धहरूको मिथ्यांक नआवस् भन्ने विषयमा सचेत हुनुपर्ने कुरामा जोड दिनुभयो।

दोश्रो दिनको समापन समारोह भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्वमा संचालन भएको थियो। उक्त कार्यक्रममा विपेन्द्र महर्जन, इन्द्रबहादुर गुरूङ्ग, एम एस थापा मगर, गोरेबहादुर खपांगी, सीताराम चौधरी, बालकृष्ण माबुहाङ्ग, जीवरत्न कंसाकार आदि महानुभावहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए।



Downloaded from http://www.dhamma.digital

# अपांगले नसोचेको पुनर्जन्म पाए

लीलानाथ घिमिरे

सिन्धुलीमाढी, ८ असोज । अठार वर्षअघि एक खुट्टे बालकका रुपमा जन्मेका भूपालसिंह भोलनले अठार वर्षपछि अर्को खुट्टा पाए । सधैं हातमा चप्पल लगाएर तीन पाउ टेकेर घस्रँदै हिंडने ती युवक आज दुई खुट्टा टेकेर ठमठम हिंडने भएका छन् । पहिलो पटक दुई खुट्टा टेकेर हिंड्दा उनलाई पुनर्जीवन पाएको महसुस भयो ।

सदरमुकाम सिन्धुलीमाढीदेखि १० किलोमिटर टाढा हिँडेरै जानुपर्ने रानीचुरी गाविसको जरायोटार जानुअघि भुपालले भने- म हिंडेर घर पुगेको देख्दा गाउँलेले चिन्ने हुन् कि होइनन् ?

भुपालमात्र हैन भुपालजस्ता हातखुट्टा नभएका, आगोले पोलेर कुरुप भएका, बोल्न नसक्ने, कान नसुन्ने, पोलियोले लुलो लंगडो भएका १० जना अपांगहरूले यहाँ पुनर्जीवन पाएका छन् । नेपाल स्काउट र पाकिस्तान गर्ल्स गाइड एसोसियन सिन्ध प्रान्तको संयुक्त सहभागितामा संचालित सिन्ध-सिन्धुली अपाङ्ग परियोजनाले उनीहरूलाई पुनर्जीवन दिएको हो ।

अपाङ्गहरूको उत्थानमा कार्यरत उक्त परियोजनाले पाँच महिनाअघि सिन्धुलीबाट उपचार हुन सक्ने सम्भावित अपाङ्गहरूको छनौट गरेर १० जनालाई लगेको थियो । उपचारपछि हसिला सुशीला सपाङ्गहरूलाई परियोजना प्रबन्ध समिम अवामले नेपाल स्काउट सिन्धुलीलाई जिम्मा लगाउनुभयो । पुनर्जीवन पाएका व्यक्तिहरूलाई जिविस सभापति रमेश कार्की र प्रजिअ हरिहर शर्माले बधाई दिँदै उनीरूलाई पुनर्स्थापना गर्न सहयोग गर्ने वचन दिनुभएको छ ।

रतनचुराकी १६ वर्षीया वविता थापाको दाहिने खुट्टा आगोले पोलेर ठुटोको रूपमा रहेको थियो । जवानीमा अपाङ्ग बनेर हिनताबोध पालेर बसेकी ववितालाई पाकिस्तानीहरू ईश्वर नै सावित भए । समय मै उपचार नपाएको भए उनलाई क्यान्सर हुन सक्ने डाक्टरहरू बताउँछन् । तर हाल अपरेशन गरेर कृत्रिम खुट्टा जडान गरेपछि उनले रोगबाट मुक्ति मात्र पाइनन्, सपाङ्गसरह हिंडडुल गर्न सक्ने पनि भइन् ।

१३ वर्षीया सुशीला अधिकारी र १८ वर्षीय विर्खबहादुर वम्जन दुवै आगोले जलेर कुरुप बनेका थिए । उनीहरू दुवैको च्यापु छातीमा जोडिएर मुख बाइरहने हुन्थ्यो । पाखुरा काखीमा जोडिएको थियो । हातका औंला एकै ठाउँमा जोडिएका थिए । बम्जनका अनुसार उनलाई देख्नेहरू तर्सिन्थे । अहिले दुवैको नौ नौ वटा प्लाष्टिक सर्जरी अपरेशन गरेपछि उनीहरुको शरीर र अनुहारको रुप नै बदलिएको छ ।

अपाङ्गहरूलाई लुम्ब्रे, झुम्रे र पीडादायी अनुहार मा विदाई गरेका स्काउटका सदस्यहरू उनीहरू हृष्टपुष्ट, हसिला खुशीला र सपाङ्ग अवस्थामा देखेर तीन छक्क परे । स्काउटका जिल्ला आयुक्त नारायण विक्रम थापा भन्छन्- कार्यालयमा एक्कासी उनीहरू आइपुग्दा हामीले ५ महिनाअगाडि पाकिस्तान पठाएका अपाङ्गहरू यिनै हुन भनेर विश्वासनै गर्न सकेनौं ।

जिल्लामा अपाङ्ग शिविर राखी यहाँ आएका अपाङ्गहरूमध्येबाट २० जना अपाङ्गहरूलाई उपचार हुन सक्ने ठानी छनौट गरिएका तर जानेबेला उपचार हुने होकी हैन भनेर नगएका ९ जना अपाङ्गहरूलाई आफूहरू छनौट भएर पनि नगएकोमा पश्चाताप गर्दैछन् । परियोजना प्रबन्धक समिम अवामका अनुसार अपाङ्गहरूलाई पाकिस्तान लैजान ल्याउन पाकिस्तान इन्टरनेशनल एयर लाइन्सले ७५ प्रतिशत भाडा छुट दिएको थियो । अपरेशन गर्ने सर्जनहरूले नि:शुल्क सेवा पुऱ्याएका थिए भने औषधि ट्रस्टहरूले बेहोरेका थिए । तैपनि ती अपाङ्गहरूलाई सपाङ्ग बनाउन प्रति व्यक्ति १५ हजारदेखि ६० हजार रुपैयाँसम्म खर्च लागेको छ । त्यो खर्च व्यक्तिपिच्छेको कराचीका छुट्टाछुट्टै विद्यालयहरूले बेहोरिदिएका थिए ।

परियोजना प्रबन्धक अवामले भनिन्- मलाई अर्को देशको अमानत सही सलामत फर्काउन सक्छु कि सक्दिन भन्ने लागेको थियो । सबैको प्रयासले पहिलेको भन्दा राम्रो अवस्थामा फर्काउन पाउँदा निकै खुशी लागेको छ । जन्मजात छोटो खुट्टाको उपचार गरेर फर्केका शरण श्रेष्ठले कान्तिपुरसँग भने- पाकिस्तानको आतिथ्यता वास्तवमै अविस्मरणीय छ । हामीले पुनर्जन्म मात्र पाएनौं, सभ्यताका धेरै पाठहरू सिक्यौं, यहाँबाट रित्तो हात गएका अपाङ्गहरू फर्कदा सपाङ्ग भएर मात्र हैन त्यहाँ विभिन्न व्यक्तिहरूले दिएको उपहारका साथ लाहुरे झैं घर फर्केका छन् । ■

# भन्ते व चीवर

✍ सुवर्णमान तुलाधर

दिल्लि वजारं सरासर छैंये् लिहाँ वया च्वना बले तिनिख्यो भचा मध्यवं जिं छगू कौतुहल वर्धक दृश्य खना "छम्ह बाज्योति वंम्ह मिसां भन्ते छम्हेसिगु चीवर ज्वना सात्तु साला च्वन । सालायंकु यंकुं असने थ्यन । अन मूक दर्शकतय्गु संख्या नं म्हो मजू। विशेषत: मचात ल्यू ल्यू न्ह्यो न्ह्यो दु ।"

भा:तं गृहत्याग या:गु अर्थात भिक्षु जूगु सिइका: वैत मात्तुमाला: लुइकूगु जुयाच्वन । असं बहालये छथाय् छैंय् दुने यंका: वैगु मुलय् व मिसा ग्वारा ग्वारा तुला ख्वल, चीवर त्व धका: । भन्ते नं वैत बोध यायेत स्वत, तर मफु । छैंय्, दुपिं काय् म्ह्याय् पिनिगु स्वगति क्यना मिसां विरह प्वंकल, नुग:हे काइँयामिंक ।

अमिगु छैं असनय् मखु, जिल्लाय् खनी । भा:तयात चीवर त्वका: गृहस्थयाना: छैंय् यंकेगु मिसाया सूर ! ध्व इमिगु सम्बादं जित: प्रष्ट जुल, यथा:

मिसा- छ:पिनि मने छु दु जिं मस्यू। छम्ह गृहिणीया रूपं जिं छ:पिंत नुगले स्याकागु दुसा क्षमा याना विज्याहुँ । आवंलि छ:पिंत जिं गुब्सं नुगले स्याके मखुत ।

भन्ते- सांसारिक माया मोह जिगु लागि लखँ प्याका: तिकागु भ्वों थें लस्सा मदय् धुंकल । जित: छुयेँय् च्वनेगु छफुति हे इच्छा मदु । जि छम्ह वैराग ज्ञान थुइका: गृहत्याग याये धुंम्ह भिक्षु । वैरागी चित्तयात सांसारिक पदार्थं इकिधिकि नं संके फै मखु । उकिं जि छैंय् लिहाँ वयेगुला खँ हे मदु ।

मिसा- अय्जूसा जिनं छैंय् लिहाँ वने मखुत । भिक्षुणी जुया: छ:पिं गन गन विज्यात अन अन हे वये । छ:पिन्सं काय् म्ह्याय् त्याग याये फुसा, जिं जक छाय् मफय् मा:गु दु ।

भन्ते- वैराग ज्ञान धैगु साधारण मखु । पण्डित पिन्के हे ध्व ज्ञान दुर्लभ धाइ। सकसिनं ध्वैत गनं प्राप्त याये फइ ?

मिसा- जित: नं वैराग ज्ञानया उपदेश बिया: थ:म्हं नं धर्माचरण याना बिज्याहुँ । गुखुन्हु जिगु चित्ते नं वैराग ज्ञान उत्पन्न जुइ, उखुन्हु भी निम्हेस्यां गृह त्याग नापं याये । आ-यात छैंय् निं लिहाँ बिज्याहुं , नु । दुपिं काय् म्ह्याय् पिन्त मा:गु बन्दोवस्त मया:सा अमिसं दु:ख मसिइला ?

भन्ते- सकस्यां थ:थ:गु कर्म ज्वना: वइ । मां अबुं जन्म जक बिइ फै कर्म बिइ फै मखु । "जि मदय्वं अमिसं दु:ख सिई" धैगु ध्व विचार भीगु मनयागु अहंकारया उपज जक ख: । कर्मयागु भोग, सुख दु:ख सुंनं मां अबुं दयेकां दयेके मज्यू, मफु !

मिसा- छ:पिन्सं गृहत्याग याना बिज्या:सां निसें मस्त ख्वजक ख्वया च्वन, स्यूला छ:पिन्सं ?

भन्ते- सुनां मां अबु काय् म्ह्याय्यात जक प्रेम याइ, वं या:गु प्रेम प्रेम मखु, मात्र मोह ख: । छं मस्त ख्व:गु स्वार्थ वस हे जक ख: । अमित जिं धा:धा:गु पुरे याना च्वनागुलिं माया यात । जिगु म्हिचा प्वँ अमिगु इच्छा पुरे मजूसा, अमिसं जित: लुमंका: ख्वइ हे मखु । छं हे नं जित थन थ्यंक थथे मा: वइ मखु ।

मिसा- आम खँ गुब्सं जुइ मखु । छ:पिन्त जिमिसं माया मया: धका: मत्ती तया बिज्यानागु ला ?

भन्ते- गृहत्याग याये धुंम्ह जित: छं व्यर्थ नानाप्रकारया खँ ल्हाना: वस: त्व:तका यंकेत स्वये म्वा:.....हुं !

मिसा- छ:पिनि छु धर्माचरण याये मा: याना विज्याहुं । जिं छुं बाधा विइ मखु । छैंय् च्वना: जिमित ख्वा: जक जूसां क्यना च्वना विज्याहुं, नु !

भन्ते- छैंय् परिवारनाप च्वना: नं बैराग ज्ञान पूर्ण जुइला ? पारिवारिक मोह जालं अलग मजुसें मन गनं शान्त याये फै ? परिपक्व ज्ञान हे दुसांतबि छैंय् च्वना: धर्म यायेगु केवल थ:गु निंतिं जक जुइ, कत:यानिंतिं धर्म प्रचार याये फइ मखु । ... ... ... ... छं जित: खुशि राजिं बिदा विइगु ख:सा छधू छैंय् वये का ... ... ... ... का !

मिसा- छैंय् विज्याना: जित: चित्त बुझे जुइक उपदेश बिया बिज्याहुं । मालं मा:थे याये ।

भन्ते- जि लच्छिति थन च्वना: उपासक उपासिका पिनिगु मनच्वंक जन सेवा याना:लि छैंय् छधू वयेका ... ... ! छ वना च्वों हुं ... ... ... !

मिसा- छ:पिन्त त्व:ता जा जि थन हरगिस वने मखु । जि नाप लातंला वयेगु आलताल या:म्हं, जि वने धुंका: वइला ? जि पत्या:मजू ।

भन्ते- जि झुठावादी हे सा आ:नं छंत धोंलाना: विस्युं वने फु । थ:म्हं धाये धुंगु मयासें मत्व:तीम्ह ख: जि ! वरू थुलि अवश्य ख: कि छं नं जिं धैथें यायेमा:, अर्थात छैंय् छधू वये बले जित: पारिवारिक बन्धने तक्यंकेत स्वये मज्यू, बिदा बिइमा: । थुकिं छंगु नं किर्ति च्वनी, जिं नं धन्ना सुर्ता मकासें धर्माचरण याये खनी ।

छवा: लिपा छध्व: मनूत श्रीघलय् फले च्वना: सुइगु नाग: तुग: याना च्वंगु जिं तापाकं हे ताल । इमिगु सत्तिक थ्यों बलय् खना- छम्हेस्या ल्हातय् च्वंगु पत्रिकाय् वहे भन्ते यागु किपादु ! क्वसं चिचीग्वय्क आखलं नवाकातल "चीवर त्व:तूम्ह" ■



Downloaded from http://www.dhamma.digital

# "बुद्ध तिमीले फेरि यस संसारमा जन्म लिनु पर्छ"

✍ सुमन ताम्राकार
चैनपुर-३, संखुवा सभा जिल्ला

हामी मानवलाई शान्ति चाहिएको छ
विश्वमा जताततै अशान्तिले गर्दा
मानिसहरू जताततै मरेका-मरेकै छन्
मानिसमात्र कहाँ र देश अनि राष्ट्रनै टुक्रिन थालेका छन्
मानिसको अहम् भावनाले गर्दा
यहाँ मानिसले मानिसको ज्यान लिन थालेका छन्
यसो गैरिएर हेर्दा मानिस पशु समान भएका छन्
त्यसैले अहिले विश्व नै शान्ति चाहन्छ तर
खै यहाँ शान्तिको बाटो अंगाल्ने को र ।
त्यसैले बुद्ध तिमीले फेरि यस संसारमा जन्म लिनु पर्छ किनकी तिमीमा सहन शक्ति छ ।

मानिसहरू अज्ञानी भएकोले जताततै रण्डीबाजी बलात्कारी, घुसखोरी, गाँजा चरेश अनि
मदिरापानको सेवनले
विश्वलाई नै त्रसित बनाउन थालेको छ ।
कसैले आफ्नो सुरक्षाको लागि
गोली, बन्दुक, बम र तोपको निर्माणमा जुट्न थालेका छन्
तर यो किन ? मै हुँ र मै जान्ने छु भन्नेहरू प्रशस्त जन्मन थालेका छन् जताततै अशान्तिले गर्दा
बुद्ध शान्ति ल्याउन
तिमीले फेरि यस संसारमा जन्म लिनु पर्छ किनकी तिमीमा क्रोध छैन ।

यतिबेला मानिसहरू जताततै हिंसा गर्न तल्लिन् छन् ।
कतैपनि माया, ममता, सुख शान्ति भन्ने छैन ।
मात्र तिम्रो शिक्षाको मार्ग र उपदेशहरूले विश्व शान्त हुनेछ ।
तर कसले यो मार्गलाई डोहोर्‍याउने र अंगाल्ने ?
यहाँ सबै अहंकारी र फटाहाहरूले मात्र जन्म लिन थालेका छन् ।
जालभेल गरी कसरी अगाडि बढ्न सकिन्छ भन्ने सोचाईमा छन् मान्छेहरू ।
अब त मान्छेलाई मान्छे भन्न कठिन भैसक्यो ।
भनिन्छ मानिस चेतनशिल प्राणी हो तर खै कहाँ छ ? चेतना ?
मानिस खाली हात जन्मन्छन् र खाली हातनै संसार त्यागी जानु पर्छ ।
फेरि यस्तो जाल भेल, अहंकार, गोली, बन्दुक, बम अनि तोपको सहारा किन ?
त्यसैले बुद्ध विश्व शान्ति, समाज शान्ति र मानिसहरू चेतना जगाउन
हे महामानव तिम्रो शिक्षा र उपदेशको खाँचो छ
त्यसैले बुद्ध तिमीले फेरि यस संसारमा जन्म लिनुपर्छ किनकी अंगुलीमाल जस्ता क्रोधी र
ज्यानमारालाई पनि सुमार्गमा डोहोर्‍याउने शक्ति तिमीमा छ ।

*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कार्यक्रम*

**लेखन कला तालिम सम्पन्न**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो नियमित शनिवारीय कार्यक्रममा भाद्र महिनाको तीन शनिवार भाद्र १७, २४ र ३१ गते ३ दिन लेखन कला तालिमको आयोजना गरियो ।

धर्मकीर्ति विहारको मुखपत्रिका "धर्मकीर्ति" पत्रिकाकोलागि अझ स्तरीय लेख आफ्नै सदस्यहरूबाट तयार गरी बुद्ध शिक्षालाई अझ बढि जनमानसमा पुऱ्याई उनीहरूको जीवन सुखमय बनाउन सकुन् भन्ने हेतुले यस्ता कार्यक्रम यस गोष्ठीले समय समयमा गर्दै आएको छ ।

यस गोष्ठीका सदस्य श्रीमती रीना तुलाधरको संयोजकमा आयोजित उक्त तालिममा श्रीमती रीना तुलाधरले लेख लेखन र श्रीमती लोचन तारा तुलाधरले कथा लेखन विधि एवं उत्कृष्ट लेख तथा कथामा हुनुपर्ने आवश्यक बुंदा सहितको सैद्धान्तिक ज्ञान दिनुभयो ।

अन्तमा, तालिममा सहभागी प्रशिक्षार्थीहरू बिच लेख लेखन प्रतियोगिता "बुद्ध-एक सामाजिक क्रान्तिकारी" विषयमा यहि आउँदो कार्तिक २६ गते हुने जानकारी गराइयो ।

**"सक्षम लेखनको निमित्त व्याकरणको महत्त्व"**

२०५७ आश्विन १४ गते । स्थान- धर्मकीर्ति विहार

प्रवचक- लाभ रत्न तुलाधर

यसदिन सक्षम लेखनको निमित्त व्याकरणको महत्त्व विषयमा बोल्नुहुँदै वक्ता श्री लाभरत्न तुलाधरले भन्नुभयो- "लेखकहरूले मात्र होइन पाठकवर्गले पनि व्याकरणको नियमबारे ज्ञान राख्नु अत्यावश्यक छ । पाठक वर्गहरूले लेखकहरूको लेखमा नमिलेका व्याकरणहरूबारे आलोचना गर्न सकेको खण्डमा मात्र लेखकहरूले आफ्नो लेखमा सुधार ल्याउन सक्नेछन् ।

आजभोली धर्मकीर्ति पत्रिकाको नेपाल भाषाको लेखमा मात्र होइन नेपालभाषाका अन्य पत्रिकाहरूमा पनि व्याकरण वाक्यांशहरूको बनौटमा समेत पनि अशुद्धि पाइन्छ । जसले गर्दा हाम्रो नेपालभाषाको मौलिकतानै मौलाएको देखिन्छ ।

हामीले कतिपय गल्ती शब्दहरू प्रयोगमा ल्याइरहेका छौं । उदाहरणको लागि एक दुई शब्द यहाँ प्रस्तुत गर्दछु-

*गलत शब्द*

(१) स्वाँया पुन्ही

(२) माँ – (यो शब्द नेपालभाषामा होइन हिन्दी भाषामा मात्र प्रयोग हुन्छ ।)

*शुद्ध शब्द*

(१) स्वांया पुन्ही

(२) मां

नाकेस्वर आएको शब्दमा मात्र चन्द्र विन्दु राखिन्छ । अन्यमा शिरविन्दु राखिन्छ ।

यस दिन तारा डंगोलले कक्षा संचालन गर्नुभएको थियो ।

## स्व. डा. चन्द्रशीला प्रति श्रद्धाञ्जलि

✍ ***चन्द्रशोभा शाक्य,*** सरस्वती ननी 'यल'

"थ:हे थ:म्ह नाथ ख: थ: बाहेकं मेपिं नाथ सुनं मदु"

भगवान बुद्धयागु थुगु अमृत वचनयात
 व्यवहारीक रूपं थ:गु जीवने छ्यला बिज्या:म्ह
थ:गु नुगले च्वंगु दु:ख रूपि कें ज्ञा: यात
 प्रज्ञारूपी शस्त्रं छेदन याना बिज्याम्ह
बुद्धधर्म अध्ययन व अध्यापनया लागि
 मचानिसें संघर्ष याना: थ: देय् त्व:ता: कुशीनगर् च्वना बिज्याम्ह
सामाजिक कुरितीयात चिइका छ्वया:
 नारी स्वतन्त्र जुइगु लँ क्यना बिज्या:म्ह
अनेक दु:ख व मारयात कोत्यला छ्वया
 बुद्धधर्म अध्ययन नापं ध्यान भावना याना बिज्याम्ह
लोभ द्वेष व मोह या:गु ग्वा:गु मिं पुई धका:
 थ:म्हं थ:त खंका बिज्या:म्ह
जीवन परयन्तं शुद्धगु भगवान तथागतं क्यना थ:कुगु लँ ल्यया:
 याक:चा जीवन हना बिज्याम्ह
आदर्श व धर्म अनुयायी नारी डा. चन्द्रशीला
 भगवान तथागतया अनुकम्पा लायेमा धका
वसपोलया फुकं छेँ ज: पिसं आशीका यासें पुण्य तो:ता च्वना

**"इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु**
**इदम्मे पुञ्ञं संब्बे सत्ता सुखिता भवन्तु"**



Downloaded from http://www.dhamma.digital

# संस्कृतिको आधुनिकीकरण

✍ **मुरारि शर्मा**

चिन्तन, व्यवहार र निर्माणद्वारा प्रकट हुने मान्छेको जीवनशैली अन्तर्गत थुप्रैक्रियाकलापसित संस्कृतिको गहिरो सम्बन्ध छ । ठाउँ, जाति र समुदायैपिच्छे फरक-फरक जीवनशैली हुनेगरेकोले यसको एउटै सार्वभौमिक परिभाषा गर्नुसम्भव छैन । यसो भएतापनि क्षेत्रगत सीमाको मापदण्ड एउटै हुने कुरालाई दृष्टिगत गरी संस्कृतिमा कुन-कुन कुराहरू समेटिन्छन् ? जस्ता प्रश्नको उत्तर खोज्न प्रयत्न गर्दा प्रथा, परम्परा, चाल-चलन, रीति-रिवाज, लवाइ-खवाई, बोलाई, नाचगान र लेलाईजस्ता कुराहरू समाहित भएको पाइन्छ । मूल प्रश्नतिर फर्कंदा पहिले यसलाई शास्वत् तथा अपरिवर्तनीय मान्ने र अर्को परिवर्तनीय अनि गतिशील मान्ने फरक दृष्टिकोणको बीचमा तुलनात्मक अध्ययन गर्नु वाञ्छनीय छ । त्यसपछि कुन उपयोगी, व्यावहारिक, सामयिक र विज्ञानसम्मत छ ? जस्ता प्रश्नको उत्तर खोज्नु आवश्यक छ । यति गरेपछि संस्कृतिलाई आधुनिकीकरण गर्ने दिशामा पूर्वाधार तयार हुनेछ ।

जहाँसम्म दृष्टिकोणको सन्दर्भ छ- माथिका पहिलो थरीको वर्तमानप्रतिको दृष्टिकोण अत्यन्त नकारात्मक र निराशावादी हुनेगरेको पाइन्छ । उनीहरूको विचारमा हिजो सत्ययुगमा मानवीय चाहनाको उच्चतम रूप 'सत्य शिवं सुन्दरम्' ले सामाजिक जीवनको सबै अंग र तहमा सार्थकता पाएको थियो । यसको श्रेय त्यो बेलाको संस्कृतिले लिन्छ र उक्त संस्कृति अहिले पनि जस्ताको तस्तो रूपमा अनुकरणीय छ ।

यसको विपरीत परिवर्तनको पक्षमा उभिनेहरूको विचारअनुसार कुनै पनि कुरा समयसापेक्ष हुने गतिशील हुने र परिवर्तन हुनेगर्छ । यो कुरालाई इतिहासले देखाएको छ । व्यवहारले पुष्टि गरेको छ र विज्ञानले प्रमाणित गरेको छ । दृष्टान्तको रूपमा जमेको पानीभन्दा बगेको पानी अप्रदूषित, सफा र उपयोगी भएको कुरालाई उनीहरू ठोकुवा गर्छन् । संस्कृतिलाई समयानुकूल आधुनिकीकरण गरिएन भने यो प्रदूषित हुने मात्र होइन, प्रगतिको अवरोधक समेत हुने कुरामा चिन्तित देखिन्छन् परिवर्तनकामीहरू ।

हिन्दू संस्कृतिको प्राणको रूपमा विद्यमान यज्ञ, गुरुकूल परम्परा र जन्मदेखि मृत्युसम्मको संस्कार यथास्थितिमा रहन नसकेको र रहनुको औचित्यलाई पनि सिद्ध गर्न नसकिने हुँदा निम्न प्रकारको तर्कको आधारमा आधुनिकीकरणको अपरिहार्यतालाई अँगाल्नु वाञ्छनीय हुन आएको हो ।

एउटै देशमा कतै अनिकालले र उपचार नपाएर मानिसहरू भकाभक मरिरहेका छन्, कतै सामूहिक कल्याण र अप्रदूषित पर्यावरणको बहानामा अन्न, घ्यू र फलफूल आगोमा डढाइरहेको देखिन्छ । बहाना जे-जे तेर्स्याए पनि त्यसो गराउने प्रेरक तत्त्वचाहिं आंशिक रूपमा ईश्वर खुशी हुने विश्वास र विशेष गरेर कीर्ति फैलाउने रहर नै संयोजनकारी भूमिका निर्वाह गर्नेमा देखिन्छ । होइन, सामूहिक कल्याणको भावनाभित्र खराब नियत घुसेको छैन भने उक्त भावनालाई अक्षुण्ण राख्न यज्ञको ठाउँमा सामूहिक वृक्षरोपण र सफाइ अभियान चलाउनु समयानुकूल आधुनिकीकरण गर्नु हो र यसमा हिन्दू संस्कृतिका अनुयायीहरू नै अघि सर्न के आपत्ति छ ? प्राचीन समयमा जस्तो गुरु-चेलाको दिनचर्या थियो । त्यसको अनुकरण गरेर अहिले स्कूल, क्याम्पसको प्राङ्गणमा चेलाद्वारा गुरुलाई साष्टाङ्ग दण्डवत् प्रणाम गर्ने चलन बसाल्नु कति व्यावहारिक सुहाउँदो होला ? सुहाउँदैन भन्दैमा गुरुप्रतिको श्रद्धा र आज्ञापालनको औचित्य नै समाप्त गर्ने त ? अवश्य पनि समाप्त गर्नुहुँदैन । उक्त कुराहरूलाई कायम राख्न गुरु पूर्णिमामा मातातीर्थ औंसीमा आमा मानेझैं गुरुलाई मान्ने चलन बसाल्नु संसकृतिलाई आधुनिकीकरण गर्नु हो ।

जन्मदेखि मृत्युसम्मको संस्कारमा धाक, आडम्बर र धर्म भीरूताले अनावश्यक श्रम, स्वास्थ्य, समय र पैसाको दुरुपयोग गरेको छ । यस्तो चलनले कम आय भएकालाई बाँकी जीवन कष्ट प्रदरूपमा बिताउनुपर्ने र सामान्य रोगीलाई झन् रोगाएर असामयिक मृत्युको सामना गर्नुपर्ने अवस्थाको सिर्जना गरेको छ । उपर्युक्त संस्कारको काम गर्दा खर्च, बोझ र ढर्राको ठाउँमा सहज र उपयोगी चलन बसाल्नु सामयिक हुनेछ । उदाहरणको लागि श्रद्धाञ्जली सभा गरेर मृत्यु संस्कार टुङ्ग्याउनु आधुनिकीकरण हो । सारमा बाजेले वस्तुगत कारणले श्राद्धको दिनमा बिरालो बाँधेका थिए रे ! भनेर खोजी-खोजी बाँध्नुको सट्टा 'तँलाई हेर, मलाई हेर, बेला हेर' भन्ने कुरालाई आत्मसात् गर्नु संस्कृतिलाई समयानुकूल आधुनिकीकरण गर्नु हो । *साभार : समाचारपत्र*

**नगदेश विहारमा धार्मिक कार्यक्रम**

नगदेश बुद्ध विहारमा केशावती गुरुमाँ असार पूर्णिमा देखि तीन महिना सम्म बस्नु भई धर्मदेशना आदि धार्मिक कार्यक्रम पूरा भएको उपलक्ष्यमा आश्वीन पूर्णिमा को दिन बुद्ध पूजा र धर्मदेशना कार्यक्रम भव्यरूपमा मनाइएको समाचार छ।

भिक्षु कोलितले पञ्चशील प्रार्थना गराउनु हुँदै शीलको महत्त्व प्रकाश पार्नु भएको उक्त कार्यक्रममा बौद्ध ल्यायम्ह पुचः नगदेशका प्रमुख शिव भक्त मेजुले केशावती गुरुमां र बौद्ध ऋषिणी रामकेशरीलाई वश्त्र दान गर्नुभएको थियो।

**शस्त्र परित्याग दिवस**

स्थान- यम्पिविहार, पाटन।

थैरवाद बौद्ध दायक केन्द्रीय परिषदको आयोजनामा सम्राट अशोकद्वारा शस्त्र परित्याग तथा विजया दशमीको सन्दर्भमा बौद्ध दृष्टिकोण विषयमा पाटनको यम्पि महाबिहारमा श्री बखत बहादुर चित्रकारको सभापतित्वमा सम्पन्न विचार गोष्ठिमा सर्व प्रथम अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय् बुद्धघोष महास्थविर समक्ष पंचशील प्रार्थनाबाट शुरूभयो।

उक्त कार्यक्रममा बौद्ध विद्वान धर्म रत्न शाक्य त्रिशुलीद्वारा रचीत सम्राट अशोकको शस्त्रत्याग विषयको लघुनाटक श्री सन्तमान शाक्यले अति रोचक ढंगबाट वाचन गर्नु भयो।

केन्द्रिय दायक परिषदका सचिव श्री विष्णु रत्न शाक्यले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु हुँदै पंचबली भनेको पशु पंक्षीको हिंसा नभै काम, क्रोध, लोभ, मोह, अहंकारको बली दिई चित्त शुद्ध पार्नु हो भन्नु भयो।

डा.सानु भाई डंगोलले कार्यपत्र प्रस्तुत गर्नु हुँदै शस्त्र परित्याग दिवसको सम्झना, शस्त्रको होडबाजी, आजको विश्वमा युद्ध, कलह र विनाशको कारण अज्ञानतानै हो भन्नु हुँदै, अशोकको धर्म विजय सन्दर्भमा ब्याख्या गर्नु भयो।

प्रा.आशाराम शाक्यले कार्यपत्र माथी टिप्पणि गर्नु भएको थियो। प्रा.सुवर्ण शाक्यले अशोकले आफ्ना आचरण सुधारेर बुद्ध धर्मको प्रचार गर्नु भएको भन्नु हुँदै, पूजा गर्नु मात्र धर्म होईन भन्नु भयो।

भिक्षु अश्वघोष महास्थविरले आफ्नो गल्ति सुधारेर हृदय परिवर्तन गरि, काम, क्रोध, लोभ, मोहरूपी शत्रु उपर नियन्त्रण गर्नु विजया दशमीको मनसाय भएको सत्यको चर्चा गर्नु भयो।

भिक्षु भद्दियले सेवा गरेर मेवा खानु त ठिक छ। तर मेवा खाने मनसायले सेवा गर्नु ठीक छैन भन्नु भयो।

गोष्ठीमा सर्वश्री ब.आ. कनकद्वीप, श्याम कृष्ण मानन्धर, सन्तमान शाक्य, लोकबहादुर शाक्यले आ-आफ्नो विचार प्रस्तुत गर्नु भएका थिए। सभापतिको आसनबाट बखत बहादुर चित्रकारले सम्रात अशोकद्वारा निर्मित एक मात्र अशोक स्तम्भमा ईंकित वचनको प्रमाणले नै शान्तिनायक भगवान बुद्धको जन्म नेपालमा भएको हो भन्ने सत्यता यकिन भएको छ भन्नु हुँदै, सम्रात अशोकको यस महान देनलाई हामी समस्त नेपालीले कुनै हालतमा पनि विर्सन नहुने कुरामा जोड दिनु भयो।

**स्थान – नगदेश बुद्ध विहार**

२०५७ साल आश्विन २२ गते।

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा अशोकद्वारा शस्त्र परित्याग गरेको दिवस मनाइएको समाचार छ।

उक्त कार्यक्रममा केशावती गुरुमांले कार्यक्रममा सहभागी हुनु भएका धर्म प्रेमीहरूलाई पञ्चशीलको महत्त्व प्रकाश पार्नु हुँदै प्राणी हत्या गर्ने जस्तो खराब आचरणलाई त्याग्नु पर्ने मनसाय व्यक्त गर्नुभयो।

नगदेश बौद्ध समूहका सचिव कृष्ण कुमार प्रजापतिले सम्राट अशोकको जीवनी र उहाँले देश र जनताका हित हुने कार्यगरी धर्म प्रचार कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएको विषयमा चर्चा गर्नुभयो।

नगदेश बौद्ध समूहका अध्यक्ष ज्ञानकुमार बाडेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा बौद्ध ल्यायम्ह पुचःका उपाध्यक्ष बाबुनाथ बाडेले स्वागत मन्तब्य ब्यक्त गर्नुभयो भने अध्यक्ष शिवभक्त मेजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

त्यसरी नै सचिव राजकृष्ण बाडेले कार्यक्रम संचालन गर्नुभएको थियो।

**भिक्षु सुगन्धलाई विद्यावारिधि**

नेपालका भिक्षु सुगन्धलाई बेलायतको लण्डनस्थित ब्रुनेल युनिवर्सिटीको तर्फबाट विद्यावारिधि उपाधि प्रदान गरिएको छ। उहाँले नेपालमा नेवार समुदायको विवाह र



Downloaded from http://www.dhamma.digital

वंशानुगत सम्बन्ध बारे तयार गर्नुभएको "नेवार म्यारिज एण्ड किङशीप इन काठमाण्डू नेपाल" विषयमा शोध ग्रन्थका लागि यस उपाधि हासिल गर्नु भएको थियो ।

भिक्षु डा. सुगन्ध नेपालका नागरिक हुनु भएपनि उहाँलाई यस शोधकार्यको लागि थाईल्याण्ड राजाको तर्फबाट छात्रवृत्तिप्राप्त भएको कुरा जानकारी हुन आएको छ । स्मरणीय छ पहिला उहाँ थाई संघराजा भिक्षु सोम देज फ्रा ञाणसंवरको नीजि सचिव को रुपमा कार्यरत हुनुहुन्थ्यो ।

माता पूर्णमाया शाक्य र दिवंगत बुवा आशाकाजी शाक्यको पुत्रको रुपमा काठमाडौंको लगन टोलमा जन्मनु भएका भिक्षु सुगन्धले थाईल्याण्डका महामुकुट युनिवर्सिटीबाट स्नातक, नेपालका त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर, लण्डनका क्याम्ब्रिज युनिवर्सिटी अन्तर्गतका क्राइष्ट कलेजबाट एमफिल गर्नुभएको थियो ।

## विकृति र विसंगति सुधार्नु पनि धर्म हो

स्थान- वश्व मैत्री विहार, ललितपुर ।
२०५७ आश्विन संक्रान्ति ।

पाटन दरवार स्थित विश्व मैत्री विहारमा "विकृति र विसंगति सुधार्नु पनि धर्म हो" भन्ने विषयमा एक कार्यक्रम संचालन गरिएको थियो ।

उक्त कार्यक्रममा बोल्नु हुँदै भिक्षु शोभनले आफूसंग धन भए जस्तै आफुसंग भएका अभिमान र कंजुसी बानी त्यागी परोपकारी कार्यमा आफ्नो धन सदुपयोग गर्न सके राम्रो हुने मनसाय व्यक्त गर्नुभयो ।

बौद्ध विद्वान प्रेमबहादुर वज्राचार्यले सबै धर्मप्रेमीहरूले (गृहस्थीहरू र त्यागीहरू) आ-आफ्नो हैसियतमा रही आ-आफ्नो नियम र कर्त्तव्य पालन गर्न आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो ।

श्रीमती मोहन बज्राचार्यले दु:खको मूल कारण तृष्णा भएको चर्चा गर्नुहुँदै धर्मगुरुहरू एक आपसमा विवाद भयो भने धर्म शासन स्थिर नहुने कुरा व्यक्त गर्नुभयो ।

समाजसेवी लोक बहादुर शाक्यले बलीको नाममा हिंसा नगरौं शिर्षकको विद्वान नरेन्द्रनाथ भट्टराईबाट लिखित पर्चा वितरण गर्नुहुँदै जुनसुकै धर्म पनि अहिंसावादी भएकोले धर्म चित्त उत्पत्तिको निंत्ती सात्विक आहार सेवन गर्नु पर्ने विषयमा चर्चा गर्नु भयो ।

अन्त्यमा श्री काजीलाल उपासकले दूरदर्शी स्व. कालुदायी भन्तेको गुणानुस्मरणमा संक्रान्ति कार्यक्रमले निरन्तरता लिइरहेको कुरा जानकारी गराउनु भयो ।

## बाल आश्रमयात सहयोग

बनेपा ध्यानकुटी बालआश्रमयात आर्थिक सहयोग बिया दीपिं:-

| | | |
|---|---|---|
| १) | श्रीमती हेरादेवी तुलाधर, न्यूरोड | रू. २०००/- |
| २) | श्री धर्मवीर शाक्य, जमल | रू. ५००/- |
| ३) | वीर्यवती गुरुमाँ, धर्मकीर्ति विहार | रू. ५००/- |
| ४) | श्री सुवर्णशाक्य, ॐबहा: | रू. २००/- |
| ५) | दयालक्ष्मी रञ्जित, पोखरा | रू. १२००/- |

भोजन दान- भिक्षु शोभित गण विहार ।

## वर्षावास व कथिन चीवरदान

थेरवादी बौद्ध देशे दच्छिया छको असारपुन्ही खुनु निसें स्वलातक छथासं च्वनेगु नियम छगू आतकं चलन चल्ति दनि । थ्व छगू भिक्षुपिन्त नियमे च्वनेगु अवसर ल्यना च्वंगु धाय्मा: । मे बले भिक्षु पिनि नियम व्छासुया वल धयां अपो खँ जुइ मखुथें ताया । खजा वर्षावास च्वनेगु अबौद्ध तय्गु पाखें वोगु ख: । समयानुसार थौकन्हेयात वर्षावास च्वनेगु नियम उस्त महत्व मदे धुंकल धा:सां ज्यू । छाय् धा:सा भिक्षुपिं आपालं थ:थ:गु विहार देका च्वं च्वने धुंकल । न्हापा थ:गु विहार धैगु मदु । धर्म प्रचारया गाँ गामे चाह्यु वनीगु चलन व नियम ख: । आ: अथे मखुत ।

वर्षावास सिधया कतिंपुन्ही निसें सकिमिला पुन्हीतक कठिन चीवर दान बीगु ई ख: । कठिन चीवर दान बी हे मा: धयागु कर नं मदु आ: यागु ई कथं । छाय् धा:सा भिक्षुपिनि चीवरया अनिकाल मदु । अथे ख: सां श्रद्धावान पिनि इच्छाकथं थुउसि गन गन कठिन चीवर दान उत्सव जुल थन चिकिहाक याना न्ह्यथने त्यना:

२०५७ आश्वीन २८ गते अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमूले भिक्षु सुजन प्रिय महास्थविर वर्षावास च्वना बिज्यागु पूवंगु लसताय भिक्षु संघयात कठिन चीवर दान वीगु पुण्य कार्य सम्पन्न जुल । अन चीवर दान जक मखु ध्यान केन्द्रया वार्षिक उत्सव नं जूगु जुल । अले अनया गतिविधि व आयव्यय न्ह्यब्वेगु ज्या नं जुल । दाता- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र परिवार धर्मदेशना-भिक्षु सुजनप्रिय महास्थविरं याना बिज्यागु बर्मी भाय्यात नेवा भाय हीका बिज्याम्ह भिक्षु ज्ञानपूर्णिक ख: ।

आश्वीन २९ गते श्री शाक्यसिंह विहारे भिक्षु धम्मपाल व मेपिं वर्षावास च्वना बिज्यागु लसताय् भिक्षु संघयात कठिन चीवर दान सम्पन्न जुल ।

दाता- श्रीमती बेतिमाया शाक्य परिवार व थाइ राजदूत परिवार । धर्मदेक-भिक्षु अश्वघोष महास्थविर ।

आश्वीन ३० गते गण महाविहारे भिक्षु सुबोधानन्द महास्थविर व मेपिं भन्तेपिं वर्षावास च्वना

बिज्यागु लसताय् भिक्षु संघयात कथिन चीवर दान जुल। धर्म देशक-भिक्षु ज्ञानपूर्णिक महास्थविर । दाता पूर्णबहादुर व श्रीमती मथुरा मानन्धर परिवार।

कार्तिक १ गते श्रीघविहारे भिक्षु मेघंकरया न्हापांगु वर्षावास पूवंगु लसताय् कथिन चीवर दान बीगु ज्या जुल । दाता पूर्णमाया स्थापित व श्रीघ विहार समिति। धर्मदेशक भिक्षु अश्वघोष महास्थविर।

कार्तिक ४ गते ख्वप मुनिविहारे भिक्षु सम्यक् ज्योति वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान कार्य जुल । दाता– लक्ष्मीनारायण श्यामावती मानन्धर परिवार। धर्म देशक भिक्षु बोधिसेन महास्थविर।

कार्तिक ५ गते मातातीर्थ चत्रुब्रह्मविहारे शेर्पा भिक्षुया वर्षावास पूवंगु लसताय् कठिन चीवर दान उत्सव जुल। दाता गणेमाया, कर्ण देवी धर्मकीर्ति पुचः। धर्मदेशक– भिक्षु भद्दिय।

कार्तिक ६ गते आनन्दकुटी विहारे भिक्षु कुमारकाश्यप महास्थविर व मेपिं भन्तेपिं वर्षा वास च्वना बिज्यागु लसताय् कथिन चीवर दान जुल । धर्मदेशक– भिक्षु शोभित। दाता– वीर्यपारमी परिवार।

कार्तिक ७ गते- धुलिखेल पूर्वारामे भिक्षु गुणघोष महास्थविरया वर्षावास पूवंगु लसताय् कथिन चीवर दान सम्पन्न जुल । दाता केशावती परिवार काठमाडौं । धर्मदेशक– भिक्षु सुमेध महास्थविर।

कार्तिक ८ गते - पद्मसुगन्ध विहारे भिक्षु सुमेघ महास्थविरया वर्षावास पूवंगु लसताय् कठिन चीवर दान पूवन । दाता– मदनकाजी शाक्य, डा. गंगाशाक्य । धर्मदेशक भिक्षु धम्म शोभन महास्थविर।

कार्तिक १५ गते ख्वप बौद्ध समकृत विहारे भिक्षु धम्मशोभन महास्थविर वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान उत्सव पूवन । दाता उपासक उपासिका पिं। धर्म देशक भिक्षु बोधिसेन महास्थविर।

कार्तिक १६ गते - बुद्धविहारे भिक्षु कोण्डण्य प्रमुख भिक्षु मिलिन्द वर्षावास च्वना बिज्यागु लसताय् कथिन चीवर दान जुल । धर्म देशक भिक्षु अश्वघोष महास्थविर। दाता- बुद्ध विहार संरक्षण समिति।

कार्तिक १७ गते - श्रीमाणिमण्डप विहारे भिक्षु शीलभद्र महास्थविर वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान जुल। दाता सानुमैया धाख्वाः इन्द्रकुमारी वज्राचार्य क्वालखु।

कार्तिक १८ गते - श्री सुमंगल विहारे भिक्षु बुद्धघोष महास्थविर व भिक्षु शोभन वर्षावास च्वना बिज्यागु लसताय् कठिन उत्सव पूवन। धर्मदेशक भिक्षु ज्ञानपूर्णिक महास्थविर। दाता- मलेशियन उपासकत।

कार्तिक १९ गते - विश्वशान्ति विहारे भिक्षु ज्ञानपूर्णिक व मेपिं भन्तेपिं वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान, विहारया बार्षिक व भिक्षु ज्ञानपूर्णिक महास्थविरया बुदिं हन । धर्मदेशक भिक्षु कुण्डलाभिवंश म्यानमार । भायहिले ज्या भिक्षु ज्ञानपूर्णिक। दाता- मलेशियनत।

कार्तिक २० गते - बनेपा ध्यानकुटी विहारे भिक्षु अश्वघोष महास्थविर वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान पुण्य कार्य पूवन। दाता- ललित देव, जमलदेवी मानन्धर परिवार। धर्मदेशक भिक्षु शोभित।

कार्तिक २१ गते - बनेपा बोधिचर्या विहारे भिक्षु बोधिसेन महास्थविर वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान जुल। दाता सूर्यमाया पुचः। धर्मदेशक भिक्षु शोभित।

कार्तिक २२ गते थानकोट जीतवन बौद्ध विहारे भिक्षु सुगतमुनि व मेपिं भन्तेपिं वर्षावास च्वना बिज्यागु लसताय् कठिन उत्सव सम्पन्न जुल । दाता धम्मावास विहार परिवार। धर्मदेशक भिक्षु अश्वघोष।

कार्तिक २३ गते - संघारामे भिक्षु राष्ट्रपाल व मेपिं भन्तेपिं वर्षावास च्वना बिज्यागु लसताय् कठिन चीवर दान जुल । दाता धर्मरक्षित गुरुमाँ । धर्मदेशक भिक्षु शोभित।

कार्तिक २४ गते - यलया यम्पि विहारे भिक्षु भद्दिय वर्षावास च्वना बिज्यागु लसताय् भिक्षु संघयात कठिन चीवर दान सम्पन्न जुल। धर्मदेशक भिक्षु अश्वघोष महास्थविर । दाता विहारया सकल उपासक उपासिकापिं भिक्षु धर्मसागर लुम्बिनी वर्षावास च्वना बिज्याथाय् नं कथिन उत्सव जूगु समाचार दु। दाता– मलेशियन। सकभनं बुद्ध पूजा, अष्टपरिष्कार, दान व सकसितं जलपान भोजन दान नं जूगु समाचार दु।

## गण महाविहारया गतिविधि

संघारामया भिक्षु शोभित गण महाविहारे च्वं बिज्यात। अनं लिपा अन दिना च्वंगु बौद्ध परियत्ति शिक्षा संचालन जुल । समाचार दु सच्छिं मयाक विद्यार्थीपिसं ब्वति कया च्वंगुदु।

अस्पताले असहाय म्ह मफया वासः याका च्वंपिन्त फलफूल व बिस्कुट वितरण जूगुदु।


निःशुल्क स्वास्थ्य सेवा नं शुरू जूगुदु।

अथेहे संघारामया भिक्षु भद्दिय पाटन यम्पि विहारे च्वना बिज्याथें धर्मदेशनाया कार्यक्रम दयका धर्म प्रचारया ज्या जुया च्वंगु दु । अथेहे संघारामयाहे भिक्षु कोण्डण्य व मिलिन्द बुद्ध विहारे च्वना संरक्षण व सम्वर्द्धनया ज्या याना च्वंगु समाचार दु।



Downloaded from http://www.dhamma.digital

ओखरपौवा गा.वि.स. अन्तर्गत रहेको कागती गाउँमा २०५७ आश्विन ७ गते शनिवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित निःशुल्क स्वास्थ्य शिविरमा विभिन्न चिकित्सकहरूद्वारा बिरामीहरूलाई रोग परिक्षण गर्दै रहेका दृश्यहरू









Dhamma.Digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

## सम्पादकीय

# बुद्धको क्रान्तिकारी विचारधारा

बुद्धकालिन समाजमा धार्मिक, सामाजिक र आर्थिक अवस्था ज्यादै नाजुक थियो । किनभने त्यस समयका मानिसहरूले आफूले मेहनत गरेर धन कमाउने र आफ्नो जीवन समृद्ध बनाउने तर्फ भन्दा पनि ईश्वर भक्त बनी पूजा आजा गरी वरदान प्राप्त गर्नेतर्फ बढी आस्था राख्दथे । फलस्वरुप उनीहरू आत्मनिर्भर नभई परावलम्बी र ईश्वर कृपामा विश्वास गर्दै धर्मकर्म गरी मोक्ष प्राप्त गर्ने कार्यमा बढी विश्वास गर्दथे ।

यस्तो समाजमा बुद्धको उदय भयो । तत्कालिन मोक्ष प्राप्ती विषयमा बुद्धको विचारधारा क्रान्तिकारी देखिन्थ्यो । किनभने बुद्ध शिक्षानुसार मोक्ष प्राप्त गर्नका लागि भक्ति मार्गमा लागी ईश्वरको भर पर्ने होइन आफैले मेहनत गर्नसक्नुपर्छ । अर्थात् अत्ताहि अत्तनो नाथो (आफ्नो मालिक आफै हो अरू कोहि होइन) । बुद्धले भन्नुभएको छ- सुख प्राप्त गर्ने मात्र मोक्ष होइन दुःखको अन्त्य गर्नु नै मोक्ष हो । सुखको आशा राखी धर्मकर्म गर्ने होइन दुःखको अन्त्य गर्नको लागि आशाराखी धर्मकर्म गर्नु उपयुक्त हुनेछ । यसको लागि दुःखको मूल कारण पत्ता लगाई त्यसलाई हटाउन सक्नु पर्छ । दुःखको कारण तृष्णा (महत्त्वाकांक्षी र स्वार्थले भरपूर इच्छा) लाई अन्त्य गरिसकेपछि मात्र अवश्य पनि दुःखको निर्मूल हुनेछ । यस अनुसार बुद्धले पत्ता लगाउनु भएका ४ वटा आर्य सत्यहरू (१) दुःख (२) दुःखको कारण (३) दुःखको अन्त्य (४) दुःख अन्त्य गर्ने मार्गहरू आदि बुद्धको क्रान्तिकारी विचारको रुप खडा रहेका छन् ।

निर्वाण (मोक्ष) प्राप्त गर्नका लागि शरीरले दुःख कष्ट भोग्नु अनिवार्य ठान्ने सिद्धान्तहरूका लागि बुद्ध घोर विरोधी देखिनु भएको छ । किनभने बुद्धले ६ वर्ष सम्म अति कष्ट र दुःख भोगी तपस्या गर्नुभएको थियो बुद्धत्त्व प्राप्त गर्नको लागि । तर उहाँले यस कार्यबाट अनुभव मात्र संगाल्नु भयो । बोधिज्ञान प्राप्त गर्नसक्नु भएन ।

ईश्वर भक्तिलाई मात्र सही पूजा मान्ने सिद्धान्तको लागि पनि बुद्ध विरोधी नै देखिनु हुन्छ । किनभने बुद्धले ईश्वर भक्तिलाई भन्दा पनि आचरण शुद्धि र इमान्दारपूर्वक कर्त्तव्य पालन गर्नसक्नुलाई नै सही पूजा मान्नु भएको छ । यसलाई हामी प्रतिपत्ति (आचरण शुद्धि) पूजा भनी नामाकरण गर्न सक्छौं । त्यसैले हामीले भन्न सक्छौं बुद्ध शिक्षा अनुसार सेवा गरेर मेवा खाने कार्य आपत्तिजनक छैन बरू मेवा खानको लागि सेवा गर्ने कार्य आपत्ति जनक छ ।

मोक्ष प्राप्त गर्नको लागि भक्तिमार्ग अपनाउने सिद्धान्तलाई पनि बुद्धले नकार्नु भएको छ । बुद्ध शिक्षानुसार निर्वाण (मोक्ष) प्राप्त गर्नको लागि आफ्नो चित्तमा टाँसिरहेका लोभ लालच, इर्ष्यालु भाव, स्वार्थभाव आदि महत्त्वाकांक्षाहरू सबैलाई तिलाञ्जली दिन सक्नुपर्छ । यसरी आफ्नो मनका क्लेश र कुसंस्कार हरूलाई र असन्तुष्ट भावनाहरूलाई होशियारीपूर्वक केलाई फाल्न सकेमा मात्र शुद्ध रुपमा आध्यात्मिक उन्नति गरी निर्वाण (मोक्ष) प्राप्त गर्न सकिने छ ।

बुद्धकालिन समाजमा पुरुषहरूको आधिपत्य थियो त्यसैले त्यसबेला महिलाहरूलाई समान अधिकार थिएन । महिलाहरूलाई उचित हक दिलाउने कार्यमा बुद्धले प्रमुख भूमिका निभाउनु भएकोले उहाँलाई यस कार्यमा प्रथम सफल व्यक्ति मान्न सकिन्छ । बुद्धले आफ्नो भिक्षु संघमा महिलाहरूलाई समान स्थान दिनु भएकोले तत्कालिन कैयौं नारीहरूले बुद्ध शिक्षा अनुशरण गरी सांसारिक दुःखबाट मुक्त हुने मौका प्राप्त गरेको घटनाहरूलाई बुद्धकालिन इतिहासले प्रष्ट्याइरहेको छ ।

बुद्धले जातपात र छुवाछूत जस्ता सामाजिक विकृती र कुसंस्कारहरूलाई बिरोध गरी थुप्रै तल्लो जातीका व्यक्तिहरूलाई बुद्ध शिक्षा अनुशरण गरी निर्वाण प्राप्त गर्ने मौका प्रदान गर्नुभएको थियो । "जन्मले कोही, ब्राह्मण हुँदैन जन्मले कोही चण्डाल हुँदैन, कर्मले नै ब्राह्मण हुन्छ र कर्मले नै चण्डाल हुन्छ" भन्नुहुँदै शुद्ध आचरणलेयुक्त भई कार्य गर्ने व्यक्तिको कर्मलाई प्राथमिकता दिनुभई सामाजिक भ्रम निवारण गरी समाज सुधार कार्य गर्न सफल हुनुभएको थियो ।

धेरैजसो धर्ममा आ-आफ्नो ग्रन्थलाई देववाणी ठानी यसमा पूर्ण विश्वास गरेको देखिन्छ । तर बुद्धले कुनै पनि ग्रन्थलाई स्वतः प्रामाण्य मान्यता दिने कार्यलाई उचित ठान्नु भएन । उहाँले मानिसको स्वतन्त्र चिन्तनलाई महत्त्व दिनुभएको छ । उहाँले भन्नुहुन्छ- "पुस्तकमा लेखिएको छ भन्दैमा, ठूलो विद्वानले भनेको कुरो भन्दैमा आफूले एकपटक पनि विचार नगरी आँखा चिम्लेर विश्वास गर्नु बुद्धिमानी होइन ।"

यसरी यी माथि उल्लेखित विभिन्न बुँदाहरू अध्ययन गरेर हेर्ने हो भने बुद्ध एक महान क्रान्तिकारी विचारधाराका व्यक्तित्त्वको रुपमा प्रस्तुत हुनुभएको देखिन्छ ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital